वाङ्मय



यस अंकमा:–

- डा. तुलसी प्रसाद भट्टराईसंग भेटवार्ता
- शंकर कोइराला बाट एउटा हास्य सामग्री
- समालोचना, संस्मरण र विविध कथा विधाहरू
- साथै विविध कविहरूका रोचक तथा सारगर्भित कविता, गजल र ज्ञानवर्धक कुराहरू

११

दायित्व

(त्रैमासिक)

वर्ष ४ | २०४७ वैशाख | अङ्क ११

प्रधान सम्पादक
लक्ष्मी पन्त

सम्पादक
तारा कार्की

सल्लाहकार
डा. मथुरा के. सी.
राम प्रसाद पन्त

विशेष सहयोगी
कृष्ण बहादुर थापा
ठाकुर प्रसाद शर्मा

क्षेत्रीय प्रतिनिधि
विष्णु प्रसाद भण्डारी

अन्य सहयोगी
गिरिराज पन्त

प्रकाशक
दायित्व प्रकाशन
२१/१५३ डिल्लीबजार
काठमाडौं

मूल्य:–
संस्थागत प्रयोजनका लागि रू. १०।–
सर्वसाधारणका लागि रू. ५।–
सहयोगी शुल्क रू. ५००।–

के ? | कसको ? | कहाँ ?

भेटवार्ता

पञ्चायती शासनमा..... – डा. तुलसीप्रसाद भट्टराई १

समालोचना/संस्मरण

कवि व्यथितको..... – सहदेव उप्रेती 'विवश' ९
मेरो जीवनका तीन... – राम प्रसाद पन्त ५

कथा/लघु कथा

निश्छल पाप ! – राजीव दवाडी १७
'अप्रत्याशित...' – सुदय पौडेल १४

हास्य कथा/अनुवाद कथा

ईश्वर तिमी कहाँ छौ ? – शंकर कोइराला ३०
दुई विद्वान् – खलिल जिब्रान १६
बुमन्याङ – आशा पूर्ण देवी २४

स्थायी स्तम्भ

विज्ञान जगत्/एकफन्को अनेक ज्ञान/बुझिनसक्नु छ ?/खेल संसार/दायित्व बोल्छ ! /पुस्तक परिचय/साहित्यिक गतिविधि/मननीय कुराहरू ।

कविता/गजल/मुक्तक

सानुराजा श्रेष्ठ 'अनजान' ८, नरेन वियोगी १३, नरेन्द्र केशरी पोखरेल १३, अभिनव कार्की १५, प्रेम श्रेष्ठ 'अनुरक्ति' १५, भक्तबहादुर पुन १५, रामेश्वर राउत 'मातृदास' १६, कोपिला १६, कुन्दन कुमार पन्त २२, रोशन थापा नीरव २२, प्रमोद स्नेही २२, वीरेन्द्र राई २२, अरूणा वैद्य २३, शालिकराम पाण्डे २८, हरि मञ्जुश्री २८, मित्रलाल पंजानी २९, रूद्र श्रेष्ठ 'अबोध' ३२, बेनीबहादुर थापा ३३, रमेश पौडेल ३३, युवराज नयाँघरे ३३, पुष्पहरि क्याम्पा राई ३३, डा. मथुरा के. सी. ३५, रोशन शाह ३५, गिरिराज पन्थ ३८ ।

साथमा– जनआन्दोलन, परिवर्तन, अन्तरिम सरकार ।

सम्पादकीय

यो कुरा सत्य हो कि साहित्यलाई राजनीतिमा मुछ्नु हुँदैन । हाम्रो उद्देश्य पनि त्यो होइन, तर नेपालको वर्तमान बदलिदो परिस्थितिलाई देखेर कुनै पनि क्षेत्र चुप लागेर बस्न सक्तैन । वास्तवमा राजनीतिले सबैजसो पक्षलाई प्रभावित पारेको पनि हुन्छ । त्यसैले होला– यो कलम हर्षविभोर भै त्यतैतिर दौडिरहेको छ ।

नेपालको परिप्रेक्ष्यमा राष्ट्र, राजमुकुट र नेपाली जनता एक अर्काका परिपूरक हुन् भन्ने कुरा इतिहासले बताई सकेको छ । देश र जनताको लागि कुनैपनि व्यवस्था साध्य नभै साधन मात्र हो– राष्ट्रनायकबाट हुकुम भएका यी पंक्तिहरूले वर्तमान परिस्थिति प्रति गहिरो छाप पारेका छन् । कुनैबेला निर्दलीय पञ्चायत पद्धति ठीक ठहऱ्याइयो र राज्य व्यवस्थाको रूपमा लागू गरियो । लोकसम्मतिमा आधारित राजनीतिक व्यवस्था कायम गर्ने र प्रजातन्त्रको आदर्शलाई व्यवस्थाको मूल आधार मान्ने परम्परा भएअनुरूप व्यवस्थालाई जनमत संग्रह गराएर विजयी पनि तुल्याइयो तर सर्वमान्य बनाउन सकिएन ।

फलस्वरूप बहुदलीय व्यवस्था संप्राप्तिको लागि २०४६ साल फागुन ७ गतेबाट जनआन्दोलन शुरू भयो । चरणबद्ध रूपमा शुरू भएको सो आन्दोलन दावाग्नी समान अधिराज्यभर फैलियो । सत्ता पक्षबाट आन्दोलन दबाउने जोडदार प्रयासको बावजूद पनि साम्य हुने संकेत देखिएन । बरु जनआक्रोश अरू बढेर गयो । सरकारी यन्त्रबाट सुरक्षाको नाउँमा हत्याहरू भए । परिणामस्वरूप दुवै पक्षबाट धनजनको ठूलो क्षति हुन गयो ।

निर्दलीयता हटाउँदा पञ्चायतको मुटु नै नरहने भएकोले सत्ता पक्षलाई बार्ता गर्ने ठाउँ थिएन भने बहुदलीय व्यवस्था हाम्रो न्यूनतम माग हो भनी आन्दोलन गर्नेहरूले त्यो नपाएसम्म आन्दोलन परित्याग गर्ने पनि कुरै भएन । यही अस्पष्टताको कारणले पनि आन्दोलन अरू चर्कियो र लम्बियो ।

यसै बीच आन्दोलन दबाउने उद्देश्यले चैत्र १९ गते कट्टरवादी पञ्च सम्मिलित भएको पुनर्गठित मन्त्रीपरिषद्ले जनआक्रोशलाई अरू बढायो मात्र होइन कि राजसंस्थामा समेत आक्षेप लाग्ने वातावरणको सिर्जना गऱ्यो । त्यसरी जनआकांक्षा विपरीत काम कारवाही भैरहेको छ भन्ने कुरा ज्ञात गरी श्री ५ बाट चैत्र २४ गते त्यो मन्त्रीपरिषद्लाई भङ्ग गर्नुको साथै विशेष परिस्थितिको मन्त्रीपरिषद् गठन गरी शाही घोषणा बक्स्यो– जस्मा जांचबूझ आयोगको गठन, संविधान सुधार सुझावको गठन, रा.पं. अधिवेशनको आह्वान र मन्त्रीपरिषद्ले आन्दोलनकारी-

नेताहरूसँग वार्ता गर्न कुरा प्रमुख थिए ।

तर आन्दोलनकारीहरूको एउटै आवाज रह्यो- बहुदलीय व्यवस्थाको स्थापना । त्यसरी जनसमर्थन प्राप्त हुँदै गैरहेको आन्दोलन र सरकारी पक्षबाट भैरहेको दमन र अमानवीय व्यवहारलाई देखि क्षुब्ध भएका स्कूल क्याम्पसका विद्यार्थी लगायत विभिन्न पेशामा लागेका डाक्टर, इन्जिनियर, वकिल, शिक्षक, प्राध्यापक, पत्रकार, साहित्यकार, कलाकार, मजदूर, किसानहरूले हडताल गरे भने बैंक, संस्थान लगायत सरकारी कर्मचारीहरूले पनि नैतिक समर्थन जनाई कलम बन्द र जुलुस प्रदर्शनहरू गरे ।

अन्ततः चैत्र २६ गते राती एघार बजेपछि नेपालको संविधान २०१९ मा रहेको 'दलविहीन' शब्द हटाई पार्टी फुकुवा गर्ने शाही सन्देश बक्स भयो । यसै खुसियालीमा रातारात दिपावली मनाइयो र दोस्रो दिन २७ गते अधिराज्यभर नेपालको इतिहासमा अभूतपूर्व मुक्ति जुलुस निस्क्यो । यसरी ३० वर्ष सम्म रहेको पार्टी प्रतिबन्ध फुकुवा भयो भने ४९ दिन (सातहप्ता) देखि चलिआएको आन्दोलन थकित भयो ।

त्यसपछि बहुदलपक्षीय नेताहरूले ८ सूत्रीय माग पेश गरे । जसमा मुख्य दुई कुरा थिए– राष्ट्रिय पञ्चायतको विघटन र अन्तरिम सरकारको गठन । यसै कुरालाई लिएर २०४७ साल वैशाख ३ गते पुनः शाही घोषणा भयो– जुन घोषणाले राष्ट्रिय पञ्चायतको अन्त्य गऱ्यो । र तत्कालीन सरकारले राजीनामा चढाएको हुँदा अन्तरिम सरकारको व्यवस्था नभए सम्म कामचलाउ आदेश जारी गरियो । तदनुरूप वैशाख ६ गते नेपाली कांग्रेसका का. वा. अध्यक्ष श्री कृष्ण प्रसाद भट्टराईको अध्यक्षतामा ११ सदस्यीय संयुक्त सरकार गठन भएको छ । यो सरकारले देशमा शान्ति सुरक्षा र अमनचैन कायम गरी नेपाल र नेपालीको हित गर्नेछ र नेपाललाई एक सुन्दर र रमणीय फूलबारीमा परिणत गर्नेछ भन्ने कुराको आशा गरिएको छ ।

तर बहुदलीय व्यवस्था स्थापना भै मानवोचित अधिकार प्राप्त गर्दैमा देश समुन्नत हुन्छ र जनताका सम्पूर्ण आवश्यकता पूरा हुन्छन् भन्ने चाहिं होइन । अहिले देश नाजुक अवस्थामा पिरोलिएको छ । एकातिर नेपाली जनताका इच्छा र आकांक्षाहरू तीव्र गतिले बढेका छन् भने अर्कोतिर देशको आर्थिक अवस्था ज्यादै कमजोर छ । अझ आन्दोलनको समयावधिमा भएका हानी नोक्सानी र आन्दोलन दबाउन सरकारी स्तरबाट गरिएको आर्थिक दुरूपयोगले त नेपाल विश्वका गरीब राष्ट्रमध्ये पहिलो भएको अनुमान गरिएको छ । तसर्थ यो चुनौतीको सामना गर्न यहाँ राजनैतिक परिवर्तनको अतिरिक्त सामाजिक र आर्थिक परिवर्तन गरी सम्पूर्ण नेपालीको मनोभावनामा समेत परिवर्तन ल्याउनु परेको छ । साथै हाम्रो देश नेपाल हो, हामी नेपाली हौं र सबैको सहयोग सद्भावना र समझदारीको अभिवृद्धिबाट नेपालको सार्वभौमिकता स्वाधीनता र राष्ट्रियताको रक्षा गरी देश विकास गर्न सकिन्छ भन्ने भावना जागृत गराउनु परेको छ । तब मात्र नयाँ नेपालको सिर्जना गरी नेपालीको जीवनस्तर उठाउन सकिनेछ ।

अन्तमा वि. सं. २०४७ ले सम्पूर्ण नेपालीको घर आगनमा सुख शान्ति र समुन्नति ल्याओस्– यही हाम्रो शुभकामना छ ।

भेटवार्ता:

पंचायती शासनमा साहित्यकारहरूले तौलिएर लेख्ने–बोल्ने गर्नुपर्थ्यो।

–डा. तुलसी प्रसाद भट्टराई

नाम– तुलसी प्रसाद भट्टराई

जन्म मिति– २००९।३।६

जन्म स्थान– सिकैचा–भोसे, ताप्लेजुङ

शिक्षा– आचार्य/ एम.ए. / स्नातकोत्तर भाषा विज्ञान डिप्लोमा / पि. एच. डी.

प्रकाशित कृति– (उपन्यास–२, कथा संग्रह–१, कविता संग्रह–१)

प्रकाशोन्मुख कृति– (भाषा व्याकरण–१, समालोचना–१, उपन्यास–२, निबन्ध–१)

सम्प्रति– अनुसन्धानात्मक कार्यहरूमा संलग्न / पत्रकारिता / सम्पादन।

नेपाली भाषामा विद्यावारिधि गर्नु भएका डा. भट्टराई वर्तमान भाषाविज्ञहरूले कायम राखेको भाषा सिद्धान्तलाई समय र परिस्थिति अनुसार अरू समृद्ध र शक्तिशाली बनाउने काममा सचेष्ट र लगनशील हुनुहुन्छ। साथै प्रजातान्त्रिक विचारधाराले अभिप्रेरित श्री भट्टराईले विद्यार्थी अवस्था देखि नै जननायक श्री बी. पी. कोइरालाको सान्निध्यमा रहेर पार्टीका गोप्य पत्रपत्रिकाहरू सम्पादन गर्दै आउनु भएको थियो र गर्दै हुनुहुन्छ। विगत तीस वर्षको पंचायती निरंकुशताले कसैले कसैमाथि विश्वास गर्न सक्तैनथ्यो, श्री भट्टराईलाई मैले मित्रदेखि चिन्न नसक्नाको कारण पनि यही थियो। मैले उहाँलाई पहिलेदेखि चिन्थें तर सरकारी सेवामा संलग्न भलाई उहाँले आफ्नो वास्तविकता देखाउन सक्नु भएको रहेनछ– के थाहा उहाँलाई म पनि प्रजातन्त्रवादी हूँ भन्ने कुरा!

पंचायत धराशायी भैसकेपछि उहाँले भलाई आफ्नो लेखन कक्षमा लैजानुभयो र देखाउनु भयो– नेताहरूका तस्वीर विभिन्न पत्रपत्रिकाहरू, सम्पादित पुस्तिकाहरू, विभिन्न विषयका डायरीहरू र लेखन सामग्रीहरू।

व्यक्तिगत रूपमा उहाँ ज्यादै मिलनसार सरल र भद्र हुनुहुन्छ। झट्ट बोल्दा र हेर्दा त्यो उपाधि प्राप्त व्यक्ति जस्तो पनि लाग्नु हुन्न। जस्तो उहाँको स्वभाव छ त्यत्तिकै परिश्रमी पनि हुनुहुन्छ। मैतीदेवी चोकदेखि मित्रपट्टी घट्टे कुलोमा डेरा गरी बस्नु भएका श्री भट्टराईलाई त्यहाँ भेट्न मुश्किलै पर्छ। यसै सिलसिलामा मैले उहाँलाई भेट्नको लागि कर्फ्यूको समय कुर्नुपर्ने अवस्था आइसकेको थियो। यस्तो व्यक्ति पचायती व्यवस्थालाई फापेन। पार्टीमा संलग्न भएको आरोप लगाई प्राध्यापन पेशाबेखि पनि वचित गरियो। उहाँका विचारहरू समय सापेक्ष भएकोले प्रस्तुत गरिएको छ। सुनौं उहाँका विचारहरू–

यहाँले विद्यावारिधि कहाँबाट कहिले र कुन विषयमा गर्नु भएको हो ? जानकारी दिनुहुन्छ कि ?

भट्टराई– बनारस/ २०४२ साल/ भाषा विज्ञान। शिर्षक– **'नेपाली भाषामा तत्सम शब्दहरूको अर्थपरक अध्ययन'**। जस 'अन्तर्गत– क. नेपाली भाषाको उत्पत्ति र विकास। ख. तत्सम शब्दको परिचय, संस्कृतेतर आधुनिक आर्यभाषाहरूमा प्रयुक्त हुँदा तत्सम शब्दमा हुने अर्थपरिवर्तन प्रक्रिया। ग. नेपालीमा तत्सम शब्दका प्रयोगको अनुपात र तरिका। घ. तत्समाभास तथा अर्द्ध तत्सम शब्द। ङ. तत्सम शब्दका अर्थपरिवर्तनका दिशाहरू। च. हिन्दी र नेपालीको तुलना। छ. नेपालीमा तत्सम शब्दका अर्थ कोटिको अध्ययन)।

अहिले के गर्दै हुनुहुन्छ ?

भट्टराई– यसको उत्तर मसँग छैन। प्रवेशिका पुगुन्जेल– पढ्दैछु भन्ने गर्थें। त्यसपछि ५–६ घण्टा पेट पाल्ने काममा खचिनुपर्‍यो। पेटेधन्दा र पढाईसँग कुस्ती लड्दा कहिले पेटले, कहिले पढाइले किच्ने गर्‍यो। स्नातक प्रवेशसंगै विद्यार्थी राजनीतिले छोयो। यो क्रम बढेर बनारस नेपाली छात्र परिषद्को अध्यक्ष पद प्राप्त गर्न पुगें। २०२९–२०३६ को अवधि जननेता बी. पी. कोइरालाको सान्निध्यमा प्रकाशन क्षेत्र हेर्दै बित्यो। जनमत संग्रहपछि पी.एच.डी. मा व्यस्त रहें।.. यो पनि देखाउने काम मानिदो रहेनछ। २०४२ माघदेखि काठमाडौंमा छु। पत्रपत्रिकाहरूमा लेख्न, केही सम्पादन, केही अनुसन्धानमा समय बित्तैछ। राजनीति तर्फको संलग्नता पनि रहेकै छ। यति हुँदा पनि 'यो काम गर्छु' 'यो नै जीवनको लक्ष्य हो' भन्ने तथ्य फेला पार्न सकेको छैन। ३८ वर्षको उमेरभित्र पनि– 'यो काम गर्दैछु' भनेर देखाउन सक्ने हुन सकिनँ...। त्यसैले यसको उत्तर मसँग छैन।

प्राध्यापन पेशामा नलाग्नुको कारण ..?

भट्टराई– बनारसमा रहँदासम्म (२०३१–२०४२)

> **तत्कालीन उपकुलपति महेशकुमार उपाध्यायले भन्नुभयो– 'म तपाईको व्यवस्था गर्न सक्तिन, जागीर दिने जिम्मा मेरो होइन।**

प्राध्यापन गरें। पी.एच.डी. सकेपछि बस्न मन लागेन। काठमाडौं आएँ।– 'यत्रो डिग्री लिनु भएको मान्छे, तपाईलाई जहाँ पनि हुन्छ'– साथीहरूको सद्भावना पाएँ। 'विदेशमा त पत्याइएको थिएँ, भने आफ्नो ठाउँमा त कसो नहोला'– सोचें त्यसबेला। तत्कालीन उपकुलपति महेशकुमार उपाध्यायलाई तीनपल्ट भेटें। उहाँले– 'म तपाईको व्यवस्था गर्न सक्तिनँ। जागीर दिने जिम्मा मेरो होइन।'... अरू पनि धेरै कुरा सुनाउनु भयो– २०४३ जेठ ११ गतेका दिन। त्यसपछि मैले प्रयास गरिनँ। प्राध्यापन क्षेत्र रोजेको हुँ, भावनात्मक रूपमा– तर कार्यान्वयन हुन सकेन।

म सोर्स, सिफारिश गराउन चाहन्न । आफ्नै बलबुताले भए हुन्छ, नभए हुँदैन । संभवतः अब उता अझै केही समय काम गर्दिन होला । पछि...यही प्राध्यापन पेशा हुनसक्छ ।

यदि यहाँलाई एक उच्च एवं जवाफदेही पदमा आसीन गरियो भने हालका क्रियाकलापहरूलाई क्रमिक रूपमा निर्वाह गर्न सक्नुहुन्छ ?

भट्टराई– अवश्य । आफूले नसक्ने पद लिनु हुँदैन तर लिइसकेपछि पद निर्वाह गर्नैपर्छ । वर्तमान क्रियाकलापसँग सम्बद्ध हुन नसकिने स्थिति भएको खण्डमा छोड्न सक्नुपर्छ, तर बीचमा झुण्डिनु हुँदैन । प्रष्ट व्यवहार राखेर चल्दा– नसकिने कुरै छैन । मलाई

> **भाषिक वैभिन्यलाई एकरूपता दिने काम पंचायती परिवेशमा हुन सकेन, अब बहुदलीय वातावरणले बल पुऱ्याउला कि ?**

विश्वास छ आफैसँग– व्यवहारिक क्षेत्रमा सफल हुन्छु ।

वर्तमान नेपाली साहित्यमा भाषागत एकरूपता देखिएको छैन । फलस्वरूप पत्रकार तथा साहित्यकारहरूबाट जथाभावी शब्द प्रयोग गरिदिनाले नेपाली भाषा खजमजिन गएको छ । यसबारे तपाईको भनाई?

भट्टराई– भाषा-विषयक चर्चा गर्न निकै सोच्नुपर्छ । नेपाली भाषाको त झन् कुरै नगरौं । चारवर्ण छत्तीस जात । हिमाल, पहाड, मधेस, विविध भाषाभाषी, विविध संस्कृति धर्मको समन्वय । राई, लिम्बू, थारू, मैथिली, गुरुङ, नेवार, तामाङ, शेर्पा, गढवाली, भोजपुरी, उर्दू, जिब्राहरू । ट–त, क–ख, ड–र, उच्चारण भेदहरू । वर्ण विन्यास, लिंग विधान । भाषिक भेदहरू । यी सबैबाट मुक्त हुनुपर्यो– एकरूपताका निम्ति ।.. त्यो संभव छैन । संभव हुन दिइँदैन । आपसी प्रतिस्पर्धा, द्वन्द । हेमराज, सोमनाथ, पुष्कर, गोपाल पाण्डे, पारसमणि, महानन्द– सबैले व्याकरणमा केही मौलिकता दिन खोजे । आ–आफ्ना मौलिकताले गर्दा पृथक्ता बढ्दै गयो । नेपाली भाषाको क्षेत्र नेपालमा मात्र होइन, नेपाल बाहिर– दार्जीलिङ्ग, सिक्किम, भूटान, आसाम, मणिपुर वर्मा, गढवाल, देहरादून आदिमा नेपाली भाषीहरू छन् । त्यहाँको बोलचाल– उच्चारणमा स्थानीय प्रभाव परेको छ । यी सबै मिलाउँदा नेपाली भाषामा देखिएको वैभिन्य त्यति धेरै मान्नु हुँदैन । तापनि एकरूपता नहुनुले अप्ठ्यारो स्थिति जन्माएको छ । पञ्चायती परिवेश यस्तै रह्यो । अब उताको बहुदलीय वातावरणले भाषिक एकरूपतामा बल पुऱ्याउला कि ? यदि हामी सबैमा दृढ अठोट र संकल्प जाग्यो भने... ।

नेपाली भाषाले पचाई सकेका आगन्तुक शब्दहरूलाई यथोचित स्थान दिई नेपाली भाषा र साहित्यको एउटा सैद्धान्तिक रूप निर्धारण गर्न सकिन्छ कि सकिँदैन ?

भट्टराई– कुनैपनि भाषा मौलिकरूपमा एउटै मूलका शब्द भण्डारबाट पूर्ण हुन सक्तैन । अन्यान्य भाषाका शब्दहरू पनि मिलेका र पचेका हुन्छन् । 'आज विश्वको बहुप्रचलित भाषा 'अंग्रेजी' ले असंख्य भाषाका शब्दहरू पचाएको छ । 'नेपाली' लाई मुख्यतया संस्कृतको सन्तान मानिन्छ । 'संस्कृत∠प्राकृत∠अपभ्रंश∠नेपाली'+तर नेपालीमा– अरबी, फारसी, तुर्की, अवधि, भोजपुरी र स्थानीय भाषाहरू– नेवारी, गुरुङ, तामाङ, राई, लिम्बू आदि भाषाका शब्दहरू पचिसकेका छन् । तसर्थ– पचिसकेका शब्दहरूका निम्ति अर्को छुट्टै सैद्धान्तिक स्वरूप निर्धारण गरी

रहनु पर्दैन होला जस्तो लाग्छ । जनजिब्राभा भिजिसकेका शब्दलाई छुट्याउन पनि गाह्रो पर्छ ।... भाषाविद्हरूले के भन्छन्– यसबारे, त्यो छलफल हुनुपर्ने विषय हो । अब उता चर्चा–परिचर्चा हुँदै गर्ला ।

वर्तमान नेपाली साहित्यिक प्रतिष्ठानहरूको गतिविधिलाई तपाईंले कुन रूपमा हेर्नु भएको छ ?

भट्टराई– शासन पक्षबाट सधैं डराएर परपरै रहनु पन्यो । आज पनि उच्चाधिकारीका अगाडि पुग्दा आङ सिरिङ्ग हुन्छ । ३० वर्षसम्म डराएको मानसिकतामा निर्भय भाव जाग्न केही समय लाग्छ अझै आजका बौद्धिकवर्गमा । लेखक, कवि, कलाकार, पत्रकार सबैले तौलिएर । नापजोख गरेर लेख्नु–बोल्नु पर्छ । ३० वर्षसम्मको लगाम भर्खरै खुकुलिएको छ । ...र अहिलेसम्म साहित्यिक प्रतिष्ठानहरू– प्रशासनका अंग बनेका थिए । सामान्य रूपमा व्यवस्था विरोधीहरूको प्रवेश हुँदैनथ्यो...। अब ती ती क्षेत्रमा पनि नयाँ स्वरूप दिन सबै लेखक–कविहरूले सोच्नुपर्ने भएको छ। जनचेतना जगाउने काममा प्रतिष्ठानहरूलाई लगाउनु आवश्यक छ ।

नेपाली भाषाका धुरन्धर विद्वान् डा. ईश्वर बराल र नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान बीच मतैक्य भएको देखिंदैन, कारण के होला ? यहाँको दृष्टिमा...!

भट्टराई– नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान पूर्णतः दरबार संरक्षित संस्था हो । त्यहाँ प्राज्ञ हुने व्यक्ति दरबारको पत्यारिलो बन्नुपर्छ । त्यसमा पनि कुलपति, उपकुलपति जस्ता पद– योग्यता भन्दा पनि विश्वास र सेवासंग सम्बन्धित छन् । जसले बढी विश्वास दिलाउन र सेवा गर्न सक्छ– त्यो त्यहाँ आसीन हुने हो । डा. ईश्वर बराल एक त नेपालमा बस्नु भएको छैन, अर्को– उहाँले दरबार रिझाउने काम गर्नु भएको छैन– त्यस्मा योग्यता प्राप्त नगरी कसरी त्यहाँ पुग्ने । मतैक्य हुने प्रश्न पनि रहेन । उहाँ जस्ता ख्यातनामा विद्वान्ले चाकरीमा लाग्नु पनि उचित होइन । अब उता उहाँ पनि संलग्न हुन सक्नुहुन्छ प्रतिष्ठानमा... ।

हालका पत्रपत्रिकाहरूको गतिविधिलाई यहाँले कुन रूपमा हेर्नुहुन्छ र हाम्रो जस्तो साहित्यिक पत्रिकाको संरक्षण कसरी गर्न सकिन्छ भन्ने ठान्नुहुन्छ ?

भट्टराई– पत्रपत्रिकाहरू मूलतया राष्ट्रका आँखा हुन् । आँखाको संरक्षण राम्ररी हुनुपर्छ । आँखा बिनाको जीवन व्यर्थ हुन्छ । राष्ट्रका आँखा पत्र–पत्रिकाको महत्व स्वतः सिद्ध छ । तर अहिलेसम्म शासन पक्षबाट पत्रपत्रिकाहरू संरक्षित भएनन् । गुणगान मुखी केही पत्रिका र पत्रकार सम्पादकहरूले लाभ उठाए पनि । समाज र राष्ट्रको उत्थानमा भने केही गरेनन् । जनमुखी, समाजपरक, पत्र–पत्रिकाहरू शासन पक्षबाट निमोठिए, मासिए, निस्तेज पार्ने षडयन्त्र गरिए । नयाँ वर्षसंगै आएको नयाँ व्यवस्थाले

ने.रा.प्र. प्रतिष्ठानको कुलपति पद योग्यताभन्दा पनि दरबारको विश्वास र सेवासंग बढी सम्बन्धित छ ।

निश्चय पनि यसतर्फ ध्यान देला । सम्पादक, पत्रकारहरू सचेत भएर लाग्नुपर्छ । स्वस्थ मनस्थिति लिएर विशुद्ध सेवाभावनासंग अग्रसर हुन सकेको खण्डमा संरक्षण र सम्वर्द्धन हुनेछ । पत्रपत्रिकाको प्रतिष्ठा बढ्नेछ ।

यी मेरा जिज्ञासाहरू बाहेक यहाँले आफ्नो तर्फबाट नेपाली भाषा र साहित्यको बारेमा केही भन्नु छ कि?

भट्टराई– यस विषयमा छुट्टै लेख तयार पार्नेछु । यो प्रश्न अहिले यसै रहोस् । केही अध्ययन मनन गरेर मात्र लेख्न सकिनेछ । आगामी अंकहरूमा भेट गर्नेछु । 卐

वार्ताकार– **राम प्रसाद पन्त**

मेरो जीवनका तीन खतरनाक घटनाहरू

—राम प्रसाद पन्त

काल नआएसम्म मोरिदैन भन्छन् तर यसो भन्दैमा सोझै काललाई जिस्क्याउनु वा निम्त्याउन खोज्नु पनि किमार्थ बुद्धिमानी होइन। मैले आफ्नो बाल्य-कालमा धेरै चोटी काललाई निम्त्याएको छु जुन काँचो बुद्धिको कारण थियो र मेरो त्यो बानी वयस्क भैसकेपछि पनि धेरै समयसम्म छुट्न सकेको थिएन।

यो कुरा साँचो हो कि मेरो बाल्यावस्था देखि सोह्र-सत्र वर्षको उमेरसम्म गाउँका कुनैपनि सम-वयस्क साथीहरूले धेरै कुराहरूमा मेरो मुकाबिला गर्न सक्तैनथे। हाम्फाल्न, दौड्न र उफ्रनमा त म भन्दा उनीहरू धेरै पछि पर्थे। रूख चढ्न र पौडी खेल्नमा पनि मेरो प्रतिस्पर्धा गर्न सक्ने दौतरीहरू अरू थिएनन्। पढ्नमा म कमजोर पक्कै थिएँ तर कलाको क्षेत्रमा मेरो बराबरीमा आउने प्रतिद्वन्दी देखिएको थिएन। मेरो उपद्रव र सुन्याई देखेर मेरा बाबुआमा सधैं सशंकित र त्रस्त देखिन्थे।

काफलको रूख

एउटा छानाबाट अर्को छानामा हाम फाल्ने र एउटा रूखबाट अर्को रूखमा फाल हाल्ने जस्ता— सुन्दै शरीरमा काँटा उठ्ने डरलाग्दा कामहरू पनि मबाट हुन्थे। यसै प्रसंगमा बारीको डोराको अग्लो काफलको रूख मलाई अहिले पनि याद आउँछ। त्यो रूख विशाल अग्लो थियो। जुन रूखमा चढ्नु पर्दा फेदमा भन्याङ राख्नु पर्थ्यो तर मलाई त्यसको आवश्यकता पर्दैनथ्यो। मेरो सुन्याई देखेर यो कालगतिले मर्छ भन्ने पक्षमा केही थिएनन्।

काफल पाक्ने वेलामा मेरो खाली समय त्यही रूखमा बित्थ्यो। यो कुरा काल्पनिक होइन कि— मैले त्यो रूखमा सुत्ने ठाउँ बनाएको थिएँ। तीनवटा हाङ्गा फाटेको ठाउँमा केही डाँडा भाटा र सेउला मिलाएर एउटा ओछ्यान बनाएको थिएँ। काफल टन्न खाएर म त्यहीं आराम गर्थें र सुतेर निदाउँथें पनि। म त्यहाँ एक्लै विभिन्न खेल खेल्थें— कहिले दाहिने हातले मात्र हांगामा समातेर झुण्डिन्थें त कहिले बायाँले मात्र। यति मात्र होइन, कहिले त समातेको हातले छोडिसकेपछि निमेष भरमा अर्को हातको आधार लिन पुग्थें। यसो गर्दा गर्दै मलाई विभिन्न रोमाञ्च गर्न मन लाग्थ्यो— म एउटै हातको भरमा फनक्क घुम्थें र अर्को हातले समाउँथें पुनः घुम्थें। यो गति हात नपाटिउन्जेल चल्थ्यो।

स्थिति सधै एकनास रहन्न । एकदिन म अर्को हातले समाउन नसकेर खसें ।... एउटा हांगाबाट वल्डयाङ खाएर तल्लो हांगोमा खसेरछि अल्झिएर अडिएँ । म त्यहाँबाट भुईमा खसेको भए मेरो प्राण रहने संभावना छैंदै थिएन । यो घटनालाई मैले काल नआएको भन्ने ठानेको छु ।

उर्लंदो खोला

विगत जीवनतिर फर्कंदा मलाई त्यो मेरो गाउँ भन्दा एक गाउँ पारीको खर्ज्याङ खोलाको सम्झना आउँछ । त्यो ठाडो खोला वर्षाकालीन समयमा निकै उर्लेर आउँछ र छेउ–छाउको खेती र बस्तीलाई–क्षति पुऱ्याउँछ ।

म डेढ दुई वर्षसम्म त्यो खोलापारीको गाउँमा पढ्न जाने गर्थें । करिब दुई घण्टा हिंड्न पर्ने त्यो स्कूलमा ठीक समयमा पुग्न मलाई त्यो वर्षादी खोलाले बाधा पुऱ्याउँथ्यो । पूलमा पुगेर फर्किन पर्दा झण्डै एक घण्टा बढी समय लाग्थ्यो त्यसैले म प्रायशः त्यही खोलामा होमिएर पार हुन्थें । एकचोटी मेरो छाता बगायो, अर्कोचोटी किताबको झोला नै बगाइदियो तैंपनि म त्यो खोलासँग जुझन हरेश खाइँन ।

बूकापाकाहरू भन्ने गर्थे– आगो र पानीसँग निहुँ खोज्न हुँदैन । तर त्यसबेला ती उपदेशले मलाई कुनै असर पार्न सकेको थिएन । खोलाले हुत्याई हाल्यो भने पनि पौडी खेलेर पार गर्ने सक्छु भन्ने मेरो केटा-केटी र मूर्खतापूर्ण सोचाई थियो । तर स्थिति सधै एकनाश रहन्न जम्मेदेखि पानीसंग खेल्ने पेशामा लागेका माझिहरू पनि पानीका शिकार हुन पुग्छन् भने म जस्ताको के कुरा !

यस्तै एकदिन पानी झम झम परिरहेको थियो, खोला झन् पछि झन् समतुल्य भएर बढ्दै थियो । बाटो हिंड्ने मान्छेहरू कसैले पनि खोला तर्ने आँट गर्न सकेका थिएनन् तापनि मैले हिम्मत गरेर पसें । बीच भागमा पुग्दा मलाई खोलाले धकेलेर त...ल धारमा पुऱ्यायो । खोलाको पीँधमा टेक्न नसकेर मेरा खुट्टा उछिट्टिए । म उर्लंदो भेलमा डुब्दै उत्रंदै गर्न थालें । टाउकोमा बाँधेको जुत्ता, कपडा र झोला मबाट अलग्गिए । मैले आफूलाई नियन्त्रणमा राख्न नसकेर बाढीसंगै हुत्तिएँ, अत्तालिएँ । मेरो ज्यान जाने प्रायः निश्चित भयो । तर काल नआएसम्म मरिदो रहेनछ भन्ने कुरा त्यहाँ पनि के चरितार्थ हुन गयो भने करिब २–३ सय मीटर तल खोलाको किनारमा पहिरो गएर एउटा रूख खोलामा लहराई रहेको रहेछ । म त्यसैमा गएर अडिएँ ।

साइकिल यात्रा

साइकिल सिक्ने क्रममा म धेरैचोटी दुर्घटनामा परेको छु । हुन त "शुक्लां...बुद्धिप्रदां शारदाम्"को शुभारम्भबाट सरस्वतीले मेरो बुद्धि फेरी दिएकी थिइन् तर मूर्खाई कम भएपनि सुऱ्याईमा कमी आएको थिएन । ट्रकसँग ठक्कर खानु र टांगासँग जुध्नु मेरा लागि साधारण कुरा भैसकेका थिए । जसलाई म वर्णन गर्न जाँदैछु– त्यो दुर्घटनामा म तीन घण्टा मूर्छित भएको थिएँ र साइकिल सहित म अंग भंग भएको थिएँ । त्यही मेरो लागि बिशेष उल्लेख्य छ ।

म त्यसबेला भारतको ऋषिकेशमा पढ्थें । छुट्टीको दिन साथीहरूले वनभोज खान जाने निधो गरे । ठाउँ छानियो– बाह्र कि. मि. उत्तरमा रहेको लक्ष्मण झुलाबाट पनि ४–५ किलोमिटर अगाडिको गरूड चट्टी

नामक शान्त वन। जुन वन भागीरथीको किनारमा साधु सन्तद्वारा सेवित एवं संरक्षित थियो। जहाँ माछामासु मात्र निषेधित नभै खाना पकाउन पनि वर्जित थियो। त्यसकारण हामी वीसजना जति साथीहरूले तैयारी खाना र संगीतका सामानहरू लिएर जाने निधो गऱ्यौं। चारपांग्रे सवारी साधन लक्ष्मण झुलासम्म मात्र जाने भएकोले झोलुंगे पूल पार गरी सम्बन्धित स्थानसम्म पुग्ने सजिलो साधन साइकिल मात्र एउटा उपाय थियो।

निर्मित योजना अनुसार हामी साइकिल कुदाएर भागीरथीको किनारै किनार लक्ष्मण झूलाको सन्निकटमा पुगी एकछिन अडियौं। जहाँबाट करिब एक कि. मि. जति ओरालो ओर्ली हामीलाई पूल पार गर्नुपर्थ्यो। बाटो ज्यादै ओरालो र पूलनेर एउटा खतरनाक घुम्ती भएकोले सावधानी अपनाउनु अनिवार्य थियो। हामी सबैजना जम्मा भएर ओरालो लाग्यौं। हाम्रो त्यो साइकिलरेस थिएन अर्थात् पहिलो र दोस्रो भै पुरस्कार जित्नु थिएन। यस अर्थमा हामी न्यूनतम गतिमा गएको भएपनि हुन्थ्यो। केटौले बुद्धि– 'त्यो भन्दा म के कम' भन्ने भावना मनमा स्वतः आउँदो रहेछ। फेरि वनभोज खान जाने भनेपछि सबैको उत्साह र उमङ्ग दुईगुना बढेको थियो।

मैले भनिहालें– मेरो मूर्खाई घटेपनि सुन्याई घटेको थिएन। हामी २–३ जना तीव्र गतिमा अगाडि बढ्यौं। ती म भन्दा साइकिल चलाउनमा निपुण थिए। म लहै–लहैमा लागेर कहिले एक हात छोडी दिने त कहिले दुवै हात छोडीदिने जस्तो प्रतिस्पर्धापूर्ण चमत्कार देखाउँदै थिएँ। त्यसैबेला त्यो घुम्ती सन्मुखमा देखियो। त्यतिबेला पनि सावधानी अपनाउने मौका थियो; तर विनाशको बेला बुद्धिले के काम दिन्थ्यो। मैले त्यहाँका दर्शकहरूलाई समेत साइकिलको चमत्कार देखाउने सूर कसें– साइकिल कसरी कुदाइन्छ र घुम्तीमा कसरी मोडिन्छ!

अनियन्त्रित गतिमा कुदेर गएको साइकिल सरलतया घुम्तीमा मोडिएन अनि मैले जोरसँग ब्रेक लाएर जबर्जस्ती घुमाउने प्रयास गरें। तर साइकिल त्यसरी के थामिन्थ्यो प्यारापीठमा ठक्कर लागेर उधोतिर हुत्तियो। त्यसपछि मलाई केही थाहा भएन।

त्यहाँ मुनि करिब सय मीटर जतिको ठाडो भीर थियो अनि तल ढुंगैढुङ्गा भएको भागीरथीको बगर। म त्यहाँबाट उछिट्टिएर त्यही बगरमा अडिन पुगेछु। साथीहरू मिलेर मलाई अस्पताल पुऱ्याएछन्। म झण्डै तीन घण्टापछि होसमा आएँछु। शरीर जताततै दुखेको थियो र चोटै चोट लागेको थियो। टाउको र हातमा पट्टी बाँधिएको थियो– किनकि टाउकोमा गहिरो चोट लागेको रहेछ र हात भाँचिएको रहेछ। यसरी म त्यसबेला पनि बाँच्ने आशा कमै भएको त्यस्तो कालको ग्रासबाट जोगिएको छु।

\+ \+ \+

यिनै खतराहरूको प्रभावले हो कि खस्कदो जीवन र जिम्मेवारीपूर्ण भारको कारणले हो, किन हो हिजोआज मलाई निकै डर लाग्छ। यहाँसम्म कि झगडा र मारपीटको त कुरै छाडौं चर्को स्वरले कोही बोल्यो भने पनि मेरो शरीर काँप्न थाल्छ।

कविता
****

बुझिहेर्दा : जिन्दगी

–सानुराजा श्रेष्ठ 'अनजान'

हरपल एउटा–
अनुभूति मृत्यूको भयावह सन्त्रासले
एउटा शिशिर र शरदको
तिक्तता पिइदिन्छु ।

रातभर एउटा–
अज्ञात पीडा र व्यथाले
छट्पटाउँदा पनि वातावरण भरि
सुषुप्त मृत्यूका मुखहरू बाएको पाउँछु ।

प्रकृतिको सुन्दर फूल प्रायः
लकिरहेछ, सृष्टि हो रे जीवन कोमल शिशुहरूको
हर दिन, हर क्षण–
सामाजिक बन्धनको पिजडा भित्र
क्रमशः बन्दीकरण भइरहेछु ।

त्यसैले अभाव र दुःखहरूलाई हलाहलमा
परिणत गर्दै–
जिन्दगीका रिक्तताहरू पिइदिन्छु ।

(पशुपति देउपाटन, पाचाटोल)

On The Happy New Year
2047

We Wish Prosperity And Success to
All Our Readers Patrons And
Well Wishers

DRUZBA (P.) LTD.
GSA Soveat Airlines
TEL, No. 2-12397
KANTIPATH, KATHMANDU

नव वर्ष २०४७ को
पुनीत उपलक्ष्यमा
समस्त नेपालीमा सुख शान्ति तथा समृद्धिको
मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।

हिमाली चामल कारखाना
मंगलापुर, रुपन्देही
फोन २००३७
बुटवल

आलोचना

कवि 'व्यथित'को साहित्यिक आदर्श र व्यवहारिक कृयाकलाप बीचको पृथकता – एक संक्षिप्त चर्चा

–सहदेव उप्रेती 'विवश'

१. विषय प्रवेश;

नेपाली साहित्यका विभिन्न समालोचक विद्वान्-हरूको पृथक् पृथक् मूल्याङ्कनको अन्यायमा परेका भएता पनि कविवर केदारमान 'व्यथित' सर्वसाधारण नेपालीले मुश्किलैले स्थापित हुनसक्ने विविध उच्च ओहदामा पुग्न सफल भएका एक विशिष्ट व्यक्तित्वका रूपमा परिचित छन् । प्रजातन्त्र कालपछि तीन पटक सम्म मन्त्री पद समेत ओगट्न सफल भएका 'व्यथित' लाई उनको पदीय मर्यादा र व्यक्तिगत अहंवादिताको कारणबाट धेरै समालोचकले उनको साहित्यिक आदर्श र व्यवहारिक कृयाकलाप बारे प्रकट गरेका विविध मतमतान्तर तथा उनका कृतिहरूका आधारमा "जहाँ अरूलाई प्रशन्न तुल्याउने भाव नै प्रवल हुन्छ, त्यहाँ यथार्थता सर्वथा आवृत हुन्छ" भन्ने विचारदीपलाई हृदयङ्गम गरी प्रकाशन पक्षको आर्थिक व्ययभारलाई समेत ध्यानमा राखेर लेखिएको यो लघु लेखबाट उनी बारे सम्पूर्ण विवेचना गर्न सभव नभए पनि संक्षिप्तमा यथार्थको चर्चा गर्ने प्रयत्न गरिएको छ । नेपाली साहित्यमा आलोचना विधामा कलम चाल्ने कार्य जोखिमपूर्ण ठानिएको पाइएतापनि प्रजातन्त्र पछि राजकविको आलोचना गर्ने कार्य समेत क्षम्य भएबाट कुनैपनि जनकविको आलोचना गर्दा कुनैपनि पूर्वाग्रह पीडित पक्षद्वारा यथार्थताको आधारमा अध्ययन गरी लेख्ने कलमको लेखोट बारे उचित धारणा बनाउने छन् भन्ने आशयले मैले यो आलोचना गर्ने धृष्टता गरेको छु ।

२. व्यथितका कृति र प्रवृत्ति;

नेपाली, नेवारी र हिन्दी भाषामा प्रकाशित र अप्रकाशित समेत झण्डै दुई दर्जन भन्दा बढी काव्य कृतिका स्रष्टा ठहरिएका 'व्यथित' समय सापेक्ष परिवर्तित रूप धारण गर्न सक्ने एक सशक्त कविका रूपमा प्रकट भएको पाइन्छ ।

व्यथितका विभिन्न कृतिहरू र उनका केही कृतिहरू बारे बिभिन्न विद्वान्वर्गबाट लेखिएका तथ्यहरूको सरसर्ति अध्ययन गरी लेखिएको यो यथार्थ लेखोटले नेपाली साहित्यको क्षितिजमा उनीबारे ओकलिएको गलत बमनहरूको पर्दाफास गर्न सक्षम भए यस लेखको सार्थकता हुने मैले ठानेको छु । "राजनीतिलाई शौचालय र साहित्यलाई भान्छाघर" ठान्ने कवि 'व्यथित'को उच्च साहित्यिक आदर्श उनैको अवसर-

वादी कृयाकलापले गर्दा मात्र उनको लागि यसको ठीक विपरित ढंगको भएको तथ्यबाट सबै जिज्ञासु वर्ग अनभिज्ञ छैनन् होला भन्ने मेरो आशय छ। आफ्ना काव्य कृतिमा विविध उच्च आदर्शको बखान गरे पनि आफ्नो पदीय कृयाकलापमा उनले गरेका बर्बरतापूर्ण कार्यहरू यस लेखोटको साक्षि बन्न सक्षम भए पनि प्रमाणका रूपमा प्रजातन्त्र अघि जनमुक्तिका लागि उनले देखाएको उत्सर्गता र प्रजातन्त्र पछिको स्वार्थलोलुप प्रवृत्तिले उनको नेपाली साहित्य इतिहास धमिलिएको छ भन्न सकिन्छ। आफ्नो काव्य कृतिमा समानता, प्रकृतिवादिता र स्वतन्त्रता सेनानी आदिका रूपमा उपस्थित भएका 'व्यथित' आफ्ना विशिष्टताभासका कारणले उनले नेपालको उच्च साहित्यिक संस्थाको प्रथम जनकुलपतिको जिम्मेवारी वहन गर्दा उनको अघि पछि कहिल्यै नरहेको सह-सदस्य जस्तो एक विवादास्पद पदको सर्जकका रूपमा मात्र हैन उनले आफूभन्दा निकै ठूला साहित्य महारथीहरूलाई होच्याउन गरेका कृयाकलापहरू पनि हाम्रो साहित्यमा एक अप्रिय छाप बनेर रहेको छ। उनको यस प्रवृत्ति प्रति सम्मानित साहित्यरथीहरूले दिनु भएको खुला पत्र सबै साहित्यप्रेमीले अध्ययन गरेका नै होलान्।

३. 'व्यथित'का समुन्नतिका आधारहरू;

काठमाडौं उपत्यकाका एक संभ्रान्त नेवार परिवारका सदस्यका हैसियतले मात्र हैन (त्यसो त उनी यही लेखकको जन्मस्थान जिल्लाका उपज हुन्) प्रजातन्त्र अघि उनले राणा शासनको बर्बरताको विरोधमा सहासका साथ उत्रिएर भारत तथा नेपालका विभिन्न जेलहरूमा जुन यातना भोगे त्यसले गर्दा नेपाली जनताले उनलाई सहानुभूतिका रूपमा सम्मान दिएका हुन्। यति मात्र हैन आफ्नो जेलकालीन समयमा सह-यातनाभोगी विभिन्न स्रष्टाहरूका परिश्रम र प्रेरणाका आधारमा साहित्यिक जीवनको शुरूवात गरी सर्वमान्य महाकवि देवकोटाले समेत प्राप्त गर्न सफल भएका (यद्यपि देवकोटाले 'व्यथित' लै जनसरवादी प्रवृत्ति अङ्गालेनन्) विशिष्ट साहित्यिक पदीय मर्यादा हासिल गर्न सफल भएकाले पनि उनलाई जनसाहित्य रथीवर्गको साधुवाद प्राप्त भयो। जसलाई उनले गलत ढङ्गले परिचालन गरेको तथ्य त माथि उल्लेख गरी सकिएको छ। आफू माथि चढ्न निमित्त अरूको टाउकोमा टेक्न समेत नैतिकताको पर्वाह नगर्ने अग्रसर बन्ने 'व्यथित'को शक्ति पक्षलाई हृदयङ्गम गरी प्रायः सबै विद्वान समालोचकहरूले उनलाई ज्ञुबयाउन वा रिझाउन (?) विभिन्न समालोचकहरूले जीवनवादी (गणेशबहादुर प्रसाई), निर्देशनवादी (बालचन्द्र शर्मा), छायावादी र रहस्यवादी (ईश्वर बराल), समाजवादी (कृष्णचन्द्र सिंह प्रधान) तथा तानाशर्माले अराजकतावादीको संज्ञा दिएबाट पनि उनको साहित्यिक गरिमा स्थापनामा सहयोगी सिद्ध भएको छ।

४. 'व्यथित'का साहित्य लेखनका पूर्वाधारहरू;

प्रथमतः राणाकालीन शासन प्रणालीमा आफूले भोग्नु परेको यातनाहरू र शहिद तथा ज्यूँदा शहिदहरूको संसर्ग नै उनको साहित्य लेखनको पहिलो आधार बन्यो। प्रजातन्त्र पछि उनी मार्फत नेपाली जनताले देखेका सपना श्री ५ त्रिभुवनले कृतापूर्ण जोखिम उठाई सफलिभूत गरिएबाट पनि उनको लेखनले गति पायो। आफ्नो राजनैतिक स्वार्थलोलुपताका लागि पनि आधार खडा गर्न उनले संसदीय

व्यवस्थाको अन्त्यपछि साहित्य लेखे । यद्यपि २०१८ साल ताका नै 'मेरो पृथ्वी' र 'मूल बाटो' नामक दुई काव्यकृति चाँडै निकलेदै छ भनेर घोषणा गर्ने 'व्यथित'को उक्त काव्यकृतिहरू हालसम्म प्रकाशित नभएको पाइनु र धेरै स्रष्टाहरूको पाण्डुलिपि हराएको थांहा भएको परिप्रेक्षमा उनको साहित्यिक योगदान बारे शङ्का गर्ने प्रशस्त ठाउँहरू पाइन्छन् (तथापि यो घोचाइले उहाँका उक्त कृतिहरू प्रकाशित भएमा नेपाली साहित्यको एक उपलब्धि ठहरिने छ)

५. व्यथितबारे यो आलोचकको व्यक्तिगत धारणा;

कुनैपनि व्यक्तिको आलोचना/समालोचना गर्दा यथार्थबाट नछिएर निन्दा वा प्रशंसा गर्नु निःसन्देह निन्दनीय कार्य हो । यस यथार्थलाई वहन गर्दै म यो ठान्दछु कि आफ्नो काव्यकृतिमा कतै कतै स्वतन्त्रतावाद, विद्रोहवादी र प्रगतिवादका रूपमा समेत उपस्थित भएका 'व्यथित' २०३६ सालमा श्री ५ बाट भएको शाही घोषणा अघिको समयमा गृहमन्त्री जस्तो एक सुशोभित पदमा वहाल हुनु भै तत्काल वहाँले आरम्भ गर्नु भएको 'कुरुक्षेत्र' (नेपालको सन्दर्भमा) उनको साहित्यिक आदर्शका लागि नपच्ने विषय बन्न पुगेको प्रतीत हुन्छ । जसको प्रमाणस्वरूप उदारवादी, शाहवंशीय राजाको उच्च आदर्शको प्रतिपालक जनता-प्रेमी राजा श्री ५ वीरेन्द्रबाट भएको १० जेठ २०३६ को शाही घोषणाबाट उनी स्वतः पदमुक्त बन्न पुग्नु 'व्यथित'को साहित्यिक आदर्श र व्यवहारिक पृथकताका ज्वलन्त उदाहरण बन्न सक्षम छन् । स्रष्टाका व्यवहारिक क्रियाकलापलाई परै राखेर साहित्यिक योगदानका बारेमा मात्र चर्चा गर्नु उचित ठहरिन्छ भने कवि 'व्यथित' नेपाली साहित्याकाशका एक मध्यम प्रकृतिका स्रष्टा हुन् भन्दा बढी भनेको ठहर्ने छैन ।

६. उपसंहार;

एउटै स्रष्टाका साहित्यिक मान्यता र मूल्य तथा व्यवहारिक क्रियाकलाप बिचको असमन्वय भनाई र गराइमा तालमेल नहुनुलाई हात्तिका दुई दाँतका रूपमा लिन सकिन्छ । तथापि कवि 'व्यथित'लाई साहित्यिक हात्तिका रूपमा प्रस्तुत गर्ने काव्यगत आधार नभए पनि साहित्य र राजनीतिको एकसाथका खेलाडीका रूपमा प्रस्तुत भएर राजनैतिक हात्ति बन्न पुगेको प्रमाण भने जिज्ञासुहरूले खोजी गरेमा प्रशस्त भेट्टाउने छन् । एक साधारण 'चारपासे' शिक्षा हासिल गरी राणाशासक जुद्ध शम्शेरको नगदी तहविलको नौसिन्दा पद अंगालेर आफ्नो जिजीविषा मन्त्री र साहित्यिक कुलपति जस्ता पदीय मर्यादा मात्र हैन राजसभामा समेत स्थान पाउनुलाई केही अवसरवादी नेपाली जनताले 'व्यथित'बाट शिक्षा लिने ठाउँहरू प्रशस्त छन् । 'व्यथित'को साहित्यिक राजनैतिक गतिविधिलाई हृदयङ्गम गर्दा "आजसम्म सबै आलोचकले मेरो बारेमा सर्वाङ्गिण विवेकपूर्ण आलोचना गरेका छैनन्, सबैले आफ्नो प्रवृत्ति र वादको चश्माले हेरेका छन्" भनेर भन्नुलाई उनको अवसरवादी प्रवृत्तिको रूपमा लिन सकिन्छ । त्यस्तै 'व्यथित'ले आफ्नो मौलिक काव्यकृति दिन सकेका भएतापनि छुट्टै मौलिक शिल्प प्रस्तुत गरेको नपाइनु र आफूले लेखेका कृति आफैले डढाई साहित्यप्रेमीले यसको विरोध गर्दा "आफैले लेखें आफैले जलाएँ कसलाई के मतलब ?" जस्ता उद्गार व्यक्त गर्ने कवि 'व्यथा' त्रैमासिकले उनको विशेषाङ्क प्रकाशित गर्ने क्रममा

उनीसँग सम्पादकले राखेका जिज्ञाशाको उत्तर दिदै "बादमा मलाई नबाँध" भनी पुरानो सुगा रटाई सुनाएको पाउनुबाट उनको हठवादी प्रवृत्ति अझै कायम रहेको प्रष्टिएको छ भने संभवतः यिनै हठवादिताका कारणले होला उनलाई 'वृद्ध युवा कवि' को संज्ञा मिलेको छ । उनका साहित्यमा उनी जति विवादास्पद रहे यो 'वृद्ध युवा कवि' को संज्ञा पनि त्यत्तिकै विवादास्पद छ ।

उमेरका हिसाबले हालसम्ममा पचहत्तर हिउँद र साहित्यिक जीवनको आधा शताब्दी भन्दा बढी उपयोग गरी सकेका 'व्यथित'का आफ्ना श्वेत रौंहरू संगै साहित्यिक आदर्श र पदीय व्यवहारिक कृयाकलापमा पनि (राजनीति समेत) परिपक्वता र एकरूपता नआएबाट भने वृद्ध बालक भने झैं 'वृद्ध युवा कवि' को संज्ञा उपयुक्त छ । उनकै समकालीन स्रष्टाहरूमा पनि केही अपवाद बाहेक प्रायः सबै आदर्श र व्यवहारमा एकरूपता भएका भेटिन्छन् । आफ्नै मातृभाषाको कृतिलाई मात्र प्राप्त हुने 'श्रेष्ठ सिरपा' बाहेक राष्ट्रिय कृतिलाई प्राप्त हुने कुनैपनि पुरस्कार जित्न सफल नभएबाट पनि उनको साहित्यिक स्तर प्रष्टिन पुग्छ । पुरस्कारले साहित्यलाई मापन गर्न सकिदैन भन्ने भनाईलाई समेत स्थान दिदा पनि बहुभाषामा एक प्रशिद्ध कविले रचना गरेका त्यतिविघ्न कृतिले उच्च नभएता पनि तल्लो स्तरको पुरस्कार समेत प्राप्त गर्न नसक्नुले भने स्रष्टाको सम्मान गर्ने हामी सबैलाई आश्चर्य लाग्नु स्वाभाविकै हो ।

निचोडमा भन्दा कवि 'व्यथित' भनाइ र गराइमा प्रवल पृथक्ता अंगालेका घमण्डी (हठवादी) प्रवृत्तिका एक सकृय अवसरवादी व्यक्ति हुन् । आफ्ना अवसरवादी कृयाकलापको उचित मूल्याङ्कन समेत भएको परिवेशमा उनको अवसरवादी प्रवृत्ति उत्पादनमूलक छ । विद्वान् पाठकवर्गको धारणा के हो ? यस कलमले बढी अतिक्रमण गरेको लाग्छ भने 'कलम' पाठकको 'कठघरा'मा उभिन तत्पर छ । अस्तु ।

सर्लाही, हरिवन–१
१९ पौष २०४६, काठमाडौं

सन्दर्भ ग्रन्थसूची

१. केदारमान 'व्यथित'– 'उनका सबै भाषामा (पुस्तकाकारमा) प्रकाशित कृतिहरू'
(प्रकाशन पक्षलाई ध्यानमा राखी नामहरू उल्लेख नगरिएको)

२. खप्तड स्वामी– 'विचार दीप' गरिमाः साझा प्रकाशन पौष २०४६ ।

३. उत्तम कुँवर– 'स्रष्टा र साहित्य' (अन्तरवार्ता ग्रन्थ) साझा प्रकाशन तेश्रो संस्करण ।

४. " " (सं.)– रूपरेखा; पूर्णाङ्क १३७, असोज–२०२९ ।

५. श्रीहरि फूयाँल (सं.) व्यथाः (त्रैमासिक) व्यथित विशेषांक, व्यथा प्रकाशन, २०४४ ।

६. प्रधान, कृष्ण– "कवि व्यथितको विद्रोह" रूपरेखा, पूर्णाङ्क २१७ ।

७. केदारमान 'व्यथित'– "चित्तधर दाइ, प्रेरणाया श्रोत" चित्तधर स्मृति ग्रन्थ ने.भा प. ।

८. लेखनाथ तिसिना– कवि 'व्यथित'को जीवनी व्यक्तित्व र कृति अध्ययन, (अप्रकाशित शोधग्रन्थ)
त्रि वि. नेपाली शि. समिति २०४० ।

९. प्रेमशान्ति तुलाधर– 'कवि 'व्यथित' व बयकःया नेपाल भाषाया काव्य' (नेपाल भाषा शिक्षण समितिको
विभागीय गोष्ठीमा प्रस्तुत गर्न लेखिएको अग्रलेख) ने. सं. ११०९ ।

कविता
****

दुई टुक्रा

—नरेन 'वियोगी'

१

जिन्दगीको हिसाब खातामा
जिरो प्राप्त गरेर
माइनस, प्लस, गुणा, भागा
कति गरौं, कति कोरौं
आखिर त जिरो न हो
न त बढ्नै सक्छ, न त घट्नै सक्छ
न त भाग नै लाग्छ
अनि त,
जिरोको गोजो परिवेश भित्र
बाँच्नै पर्‍यो ! हाँस्नै पर्‍यो !

२

भत्किएको पर्खालतिर
अडेस लागेर उभिएको छु
तैंपनि पाइलाहरू, सल्वलाउँदै छन्
चलबलाउँदै छन्
तैंपनि उभिई टोपलेको छु
हाँसेको छु
आँशुलाई लुकाएको छु ।

(हलेसि धितुङ)

कविता
****

"अभाव"

—नरेन्द्र केशरी पोखरेल

मैले बाँच्न गाह्रो मानेको छैन
तिमी अभाव बनी आइदेऊ
हतियार बीना पनि,
संघर्ष गर्न नचाहेको हैन
तिमी मतैक्य छ मात्र भनीदेऊ
दुईछाक नभेट्दैमा अभाव मैले ठानेको छैन
तिमी माड देखाएर पनि सहारा बनिदेऊ
खाली पेटमा पनि,
युद्धको घोषणा नगरेको हैन
षडयन्त्र भए भण्डाफोर गरिदेऊ
केवल आँशु मात्र झारेर हैन
दिगो आत्मा बनी उभिदेऊ
कमजोर तिमी भएपनि,
निस्क्रिय छधौ भन्ने छैन
केवल तिमी जीवन सरह बाँचीदेऊ
मैले जीवन निरर्थक सम्झेको छैन
जटिलतालाई सरल मात्र भनिदेऊ
जस्तोसुकै अवस्थामा पनि,
अभाव भयो भनी भन्ने छैन
केवल भविष्यको सपनालाई संगाल्न सिकिदेऊ ।

(हिमालीटोल, विराटनगर–४)

लघु-कथा

'अप्रत्याशित...'

–सुदय पौडेल

उसले आज सोच्न बाध्य हुनुपर्‍यो । हिजोसम्मका उसका गर्वहरू आज चकनाचूर भए । कति घमण्ड र फूर्तिका साथ उसले सधैं साथी भाईको अगाडी भन्ने कुराहरू थिए ती । भोली त्यसको पर्दा उघ्रिने भयो । अब के गर्ने, कसो गर्ने ! सोच्दा सोच्दै छट्पटिएर रात बिताउन थालेको थियो ऊ । ओछ्यानमा छट्पट्टीले कोल्टे फेर्दा एक्कासी संगै सुतेकी श्रीमती बिउँझिछे । आफ्नो श्रीमान्को त्यो बेचैनीलाई देखेर सोध्छे– "के भयो हजुरलाई, रातभरी किन यसरी छट्पटाइरहनु भएको !" ऊ केही पनि भन्न सक्दैन । फेरि दोहोर्‍याएर सोध्छे– "भन्नुस्न के भयो हजुरलाई, किन यस्तो अनुहार बनाउनु भएको ?" "चुप लाग्.. तँलाई के को मतलब...।" यति भनेर उसले झडाम्म एक झापड श्रीमतीको गालामा हान्छ । श्रीमती एकछिन आश्चर्यचकित भएर "किंकर्तव्यविमूढ" हुन्छे । के गर्ने, के भन्ने, केही सोच्न सक्तिन । एकैछिन पछि ऊ रून थाल्छे– "हुँ.. हुँ..., मैले के गरिदिएको छु र त्यसै मलाई पिट्ने !" यो आवाजले संगै सुतेका साना नानीहरू पनि आमा रोएको देखेर आत्तिएर संगसंगै रून थाले । घरमा कोलाहल मच्चियो । छिमेकका मान्छेले ज्यालबाट कराउन थाले, "ए यो के गरेको, रातमा छोराछोरी र स्वास्नीलाई रुवाएर ?"

हो त नी यो उसले के गरेको ! श्रीमतीले उसलाई के गरेकी थिई र उसले एक्कासी पिट्यो ? श्रीमतीले उसलाई र परिवारलाई कति माया गर्छे । उसैको बेचैनीमा नै उसले के भयो भनेर सोधेकी त हो । पारिवारिक स्नेह र ममताले उसको बेचैनी हटाउन सोध्दै थिई– बस उसले एक्कासी झड्याम्म चड्कन दियो । ऊ कति बहादुर छ त– दाम्लोले बाँधिएको भैंसीलाई चुट्न । एक पैसाको सिन्दुर र चार पैसाको पोतेले बाँधिएकी उसकी श्रीमती पतिव्रता नारीको धर्मले गर्दा अप्रत्याशित दमनको पनि विरोध गर्दिन । सहन्छे, किनकि त्यसको विरोधमा बोल्नु आफ्नो पतिव्रता धर्म नष्ट गर्नु र सामाजिक मान्यता तोड्नु हो । पतिसँग विरोध गर्न उसको नैतिकताले दिंदैन र किन पिट्यो त्यो पनि नसोधी रूँदै आर्कोतिर फर्केर छोराछोरीलाई फकाई फुल्याई सुत्न थाल्छे । के उसले पतिव्रता धर्मको पालना पत्नीव्रत धर्मबाट पूरा गरेको छ ? आफैं सोध्दै थियो । त्यसैले अब त झन् छट्पटिन थाल्यो । के भनुं के गरूँ !

वास्तविक कुरा के रहेछ भने– ऊ आफ्नी श्रीमती माथिको हैकमी राज आफ्ना साथीलाई सधैं सुनाउँथ्यो । साथीहरू भन्थे– "हेर् यो तेरो पिजडा भित्रको सुगालाई नचाएको जस्तो मार्न हो । हामीलाई थाहा छ, तैं पराई माथि मार्न हैकम चलाउँछस् । सक्छस् भने तैंले स्वतन्त्र साँढेलाई नियन्त्रण गरेर मार्न देखा न, अनि पत्याउँला तेरो कुरा । निर्बललाई के धाक दिन्छस् त ?"

०४५।१२।१९

कविता
****

कोठाबासी

–अभिनव कार्की

हामी कोठाबासीको जीवन कस्तो !
डेरा खोज्न जाँदा
घरपट्टी बालाई आफ्नो बंशज कहनु पर्ने
अथवा आफ्नो वर्तमान देखि इतिहास बताउनु पर्ने
डेरा बस्न पाएको छैन
अग्रिम भाडा जम्मा गर्नैपर्ने
महीना नपुग्दै घरपट्टी वा आइपुग्छन्
अग्रिम पेश्कीको जानकारी दिन
राजधानीमा बसेर उन्नतीको ढोका खोल्ने
सपना लिएर आएको
तर यहाँ त खाडलमा पो परियो
कोशेलिको भरमा पाइएको
एउटा ज्यालादारी जागिर
बडेमान पेट भएका / हेर्दै यमराज जस्ता
हाकिम साहेबलाई दुःख पोख्न जाँदा
दर्शै टार्न खसी नल्याए
वर्खास्तमा पारिदिने धम्की दिन्छन्
तर यो कुरा घरपटी बाले कहाँ बुझ्दछ ?
उनीलाई त वित्त नबुझे
तुरुन्त घर छोड्ने आदेश दिन्छन्
यो देख्दा मलाई लाग्छ–
हामी कोठाबासीको जीवन
लाहुरेको स्वास्नीको सिन्दुर जस्तो छ
जो जतिखेर पनि एक चित्कारमा
समाप्त हुन सक्छ ।

शंकरदेव क्याम्पस

मुक्तक

–प्रेम श्रेष्ठ "अनुरक्षित"

तिमी त चन्द्रमा जस्तै
उज्यालो र हँसिलो छ्यौ
जून जस्तै शीतल अनि चम्किलो छ्यौ
तर, म त बादलले छेकेको सूर्य जस्तै
कालो र नियालो मुहार लगाएर
पागल झैं घुमी हिड्दैछु
एउटा नव–पागल झैं ।

(पशुपति देवपत्तन)

मुक्तक

–भक्तबहादुर पुन

इच्छा त मैले तिमीलाई स्पन्दनमा सजाउने गरें,
तर तिमी स्पन्दनको झड्का सहन नसकी उछिट्टियौ
इच्छा त मैले तिमीलाई आँखामा सजाउने गरें,
तर तिमी हेराइको अर्थ नबुझी आँसु भै झरिदियौ
इच्छा त मैले तिमीलाई गुलाफ झैं सिउँदोमा सजाउने गरें,
तर तिमी कोमल बन्न नजानी
काँढा भइ मेरो दिलमा रोपियौ ।

(सिद्धार्थ वनस्थली मा. वि.)

कविता
****

प्रतीक्षा

–'कोपिला'

जीवन यहाँ जीवन नभै
मात्र एउटा बोझ भएछ
बाँच्नु र मर्नु बीचको
मात्र एउटा दोसांध भएछ ।
तिमी आउँदा
वसन्तको हरियाली छाउने यो मन
तिमी नआउँदा
हुरीले उडाएको पतिंगर पो भएछ ।
अस्ति पछि हिजो र हिजो पछि आज
पर्खंदा पर्खंदै मनको रहर
त्यसै ओइलाएर कान्तिहीन पो भएछ ।

कविता
****

मनतरंग अनेक रंग

–रामेश्वर राउत 'मातृदास'

बिदा भयो हेमन्त आँचल पहिरी वसन्त आयो ।
चिरविर चरीहरू गाउन थाले वृक्षले पोशाक फेऱ्यो ।।
कोईलीहरू कुहूँ–कुहूँ गाउँछन् मीठो स्वर लहरीले ।
बाल्दै बत्ति पिलि-पिलि जूनकिरीहरू बिहार गर्न थाले ।।

लता–लहराका बिछयान हरिया चउर पलङ्ग ।
मन फूल फुल्छ बन फूल फुले हृदय हुन्छ दङ्ग ।।
सलबलाउँदै कलकलाउने नागबेलिएका यी नदी लामा ।
शिरमै हिमाल हाँस्छन् मुसुक्क खुशीले मेरी आमा ।।

रवि–शशी चियाउँछन् यहीं झलमल गगनमा तारा ।
सब जातिको फूलबारी यो बज्छन् मनका सितारा ।।
कतै मगमग सुवास चमेलीका कतै ढकमक गुरांस ।
स्वर्ग हो कि यो पावन–भूमि हुन्छ मलाई आभास ।।

लघु अनुवाद कथा
☼☼☼☼☼☼☼☼☼☼☼☼☼

दुई विद्वान्

–खलील जिब्रान

अफाकार नामको एक प्राचीन नगरमा कुनै समय दुई विद्वान् रहन्थे । उनीहरूको बिचारमा ठूलो भन्नता थियो । एकले अर्काको विद्याको खिल्ली उडाउँथे । किनकि उनीहरूमा एक आस्तिक थियो र दोस्रो नास्तिक ।

एकदिन दुवै बजारमा भेट्टिए र आफ्ना अनुयायीको उपस्थितिमा ईश्वरको अस्तित्वमा बहस गर्न थाले । घण्टौंको बहस पछि एक–अर्कोसँग छुट्टिए ।

त्यही साँझ नास्तिक मन्दिरमा गयो र वेदीमा शीर निहुराएर आफ्नो पहिलेको पापको लागि क्षमा याचना गर्न लाग्यो । ठीक त्यही समय दोस्रो विद्वान्ले पनि जो ईश्वरको सत्तामा विश्वास गर्थ्यो उसले आफ्ना सम्पूर्ण पुस्तकहरू जलाई दियो । किनकि ऊ नास्तिक बनेको थियो ।

अनु.– सुरेश न्यौपाने
डिल्लीबजार

कथा

निश्छल पाप !

–राजीव दवाडी

"भरतका नवदम्पती काठमाडौंबाट विराटनगर आउँदैछन्, विमानस्थलमा २ बजे लिन आउनु" भन्ने टेलिग्राम हिजो आएको थियो। त्यसैले ऊ आज क्याम्पसमा दुईवटा मात्र लेक्चर सकेर हतार–हतार गरेर विमानस्थल गयो। तर विमान एकघण्टा पहिले नै आइसकेकोले त्यहाँ यावुहरू प्रायः सबै आ–आफ्ना घर गैसकेका रहेछन्। भरतको घर उसको घरसंगै भएकोले ऊ पहिले भरतकै घर गयो। घरमा उनीहरू आइसकेका थिए। सर्वप्रथम उसले नवदम्पतीलाई बधाई दियो र भन्यो– खोई त भाउजु ! भाउजुलाई परिचय नगराउने ?

"गराउने, अवस्य गराउने। एकछिन त धैर्य गर, ऊ अहिले ड्रेसिंग रूममा गएकी छ।"

"जे होस् तिमीहरूको प्रेम सफल भयो, यसैमा खुशी मान्नुपर्छ, कसो ?"

"हेर सुबोध, जीवनमा सबै कुराले सन्तुष्टि कमै व्यक्तिहरूले पाउँछन्, र तिनीहरूमध्ये म आफूलाई पनि ठान्न थालेको छु, अचेल। भावुक भएर कुरा गर्दागर्दै भरतको आँखा खुशीले चहकिलो देखिन्छ। विवाह हुनु अघिसम्म सुस्मीतासँगको मेरो प्रेमलाई उसको रूपबाट प्रभावित भएको हो कि भन्ने मनमा लाग्यो तर अहिले विवाहपछि थाहा पाएँ, ऊ सर्वगुणले सम्पन्न व्यक्तित्वकी धनी रहिछे। म साँरै मुग्ध छु। सुबोध ! एकातिर तँ जस्तो घनिष्ठ मित्र जो मेरो हर गोप्यताको भागिदार, अर्कोतिर गुणवती स्वास्नी– अब भन् त म जस्तो भाग्यशाली अर्को को होला ?"

"राम्री स्वास्नी पायो होला अनि आफूलाई भावुक देखाउँछ।" सुबोध मनमनै सोच्छ।

"भयो, भयो, धेरै प्रशंसाको पूल बाँध्नु पर्दैन" भन्दै आफ्नो लामो काले फिजिएको कपाललाई समेटेर मुस्कान छोड्दै सुस्मीता कोठामा प्रवेश गरी– "उहाँ जोसँग पनि यस्तै कुरा मात्रै गरिसिन्छ .. ... ए..... सायद यहाँ सुबोध....." सुबोधलाई देखेर अलिकति झस्कन्छे।

"हो सुस्मीता, ऊ नै मेरो बाल्यकालदेखिको आत्मीय साथी सुबोध शर्मा, जस्को बारेमा कुरा गर्दा म कहिले अघाउँदिनथें नि होइन ?... अनि सुबोध ! उनको परिचय त अब गराइरहन पर्दैन होला नि ?" हाँस्दै आँखा झिम्क्यायो भरतले।

"नमस्ते भाउजु", सुस्मीतालाई देख्नासाथ एकोहोरो टोल्हाई रहेको सुबोधले परिचय पाइसकेपछि मुसुक्क हाँसेर हात जोड्यो । "भाउजुलाई त मैले काठमाण्डूमै चिने जस्तो लाग्छ..." सुबोधले आफूलाई पूर्व परिचित जनाउन चाह्यो ।

"ए ! होला... खै मलाई त्यति याद नै भएन... तर जे होस् अब चिनाजान भैहाल्यो" भन्दै मोती जस्ता दन्त देखाएर मुस्कुराई सुस्मीता ।

"ल त, अहिले म जान्छु, भरे भोलि फेरि आउँला । ए, साँचि, म कहाँ पनि आउनु पर्छ नि भाउजु (झ्यालबाट चोर आँलाले देखाएर) ऊ मेरो घर त्यही हो, ए भरत, लिएर आइज है भाउजुलाई ?" सुबोध सोफाबाट उठ्यो ।

भरतको घरबाट फर्केपछि सुबोध ओछ्यानमा पल्टेर सुस्मीताको बारेमा कुरा खेलाउन थाल्यो । सुस्मीतालाई उसले कीर्तिपुर क्याम्पसमा पढ्दाखेरी नै दिनहुँ देख्ने गर्दथ्यो । सुस्मीता कमर्स फ्याकल्टीमा पढ्थी भने ऊ विज्ञानमा । समय त्यतिखेर सुस्तीताको अद्वितीय शौन्दर्य, गाम्भीर्य र सादापनदेखि निकै प्रभावित थियो । त्यसैले उसलाई पाउने लालसा मनमा निकै जमेको थियो । तर सुस्मीताको नजीक गएर आफ्नो मनको कुरा व्यक्त गर्न आँट भने कहिले गर्न सकेन । त्यत्तिकै कोर्स सकेर विराटनगरमा आएर शिक्षण पेशा शुरू गऱ्यो । फलस्वरूप उसको एकतर्फी प्रेमीका सुस्मीता आफ्नै घनिष्ठ परममित्रकी अर्धाङ्गिनी बनेर आएको देख्दा खुशी त उसलाई अवस्य लागेन । तर उसको प्रेम केवल एकतर्फी मात्र थियो जसलाई प्रेमको संज्ञा नदिएर "मन पराएको" भन्न सकिन्थ्यो ।

\+ \+ \+

भरत र सुस्मीताको बिहे भएको पनि ५ वर्ष भयो । यस अवधिमा अहिलेसम्म कुनै सन्तान भएनन् । सन्तान को चाहना हुनु मानवोचित आवश्यकता हो । यस कुराको अपवाद भरत र सुस्मीता कसरी हुन सक्थे र?

विवाह भएको दुई वर्षसम्म दुवै निस्फिक्रिसँग तिनैलोक विसँर दिनहरू बिताउँदै गए, तर यस खुशीमा सन्तानको थप सुखको आवश्यकता उनीहरूलाई महसूस भयो । सन्तान सुख भन्ने कुरो बजारमा किनेर अथवा जमीनमा बिरुवा रोपेर उमारे जस्तो गरी पाइने त होइन । यो त सफल यौन प्रक्रयाको माध्यमबाट सिर्जना हुने कुरा हो । तर सन्तानसुखको अभावले गर्दा कटुताको बीउले उम्रेको वैमनष्यताले यी दुईको दाम्पत्य जीवनमा धमिलोपना आउन थाल्यो । यी सब कुरा सुबोधलाई राम्ररी थाहा थियो ।

भरत क्याम्पसबाट सरासर घरै आयो । सुइय गर्दै ओछ्यानमा पल्टयो र सुस्मीतालाई चिया फर्मायो ।

"सन्चो छैन कि क्या हो" चिया ल्याउँदै सोधी सुस्मीताले ।

कोठाको चारैतिर नियाल्दै भरतले भन्यो– "कति उराठ लाग्दो छ हगि यो घर ?" स्वरमा निरासा झल्कन्थ्यो ।

"मैले के गर्ने त ?" नम्र तर लाचारजनक स्वरमा जवाफ दिई पत्नीले ।

"हेर, सुस्मीता, तिमीप्रति मेरो प्रेम प्रगाढ छ । तिमी मेरो सर्वस्व हौ । तापनि मलाई यो जीवन अधूरो लाग्न थालेको छ । घरमा छोराछोरीसँग

बोल्ने, बोल्ने, पापा, चाचा त्याइदिने रहर त्यसै मरेर जान लागेपछि यस्तो महसूस हुनु अस्वाभाविक पनि त हैन ।" "हो, बालसुलभ चञ्चलताको अभावले गर्दा उराठ लागेको छ यो घर मलाई पनि, हजुरलाई त के नै भएको छ र ? मैले त समाजबाट बाँझी भनेर आरोपित समेत भएकी छु, के मेरो लागि यो कम अपमानको कुरो हो ? बहिल्यै यसमाथि विचार गर्नु भएको छ हजुरले ? मैले कतिचोटी भनिसकें डाक्टर-कहाँ जाउँ भनेर । कहिले हजुरले टेरपुच्छर लगाउनु भयो ? दोषको भागिदार म मात्रै किन ?"

"डाक्टरकहाँ गएर मात्रै समस्याको समाधान हुन्छ कि क्या हो ..." भरतको स्वर मलिन थियो, बोल्दा सोचनीय मुद्रामा टाउको निहुन्याएको थियो ।

"यसरी यहाँ बसेर मसँग करकर गरेर मात्र समस्या समधान पनि त हुँदैन"– सुस्मीता फनफनिएर भान्सातिर लागी ।

एकदिन सुबोधले भरतलाई सल्लाह दियो– "... हेर भरत, म त डाक्टरी परिक्षण गराउने सल्लाह दिन्छु । तिमीहरू दुबैजना डाक्टरकहाँ जाओ । यसरी सधैं दाम्पत्य जीवनमा बैमनष्यताई पालेर हानी सिवाय केही हुँदैन ।"

"डाक्टरी परिक्षण गराउने विचार मैले पनि गरेको हुँ, तर आत्म-कमजोरीले गर्दा हिम्मत भएन, यदि आफ्नो कमजोरी निस्क्यो भने...! त्यसको सन्मुख पर्न सक्तिन । त्यसै भएर म डाक्टरकहाँ जान सकेको छैन" उसको बोलीमा हिनता थियो ।

"धत्, लाछि, त्यसो भए भाउजुलाई लैजा" ।

भरत ग्लानिपूर्ण ढंगले हाँस्यो– "यदि उसमा स्वस्थता देखियो भने कमजोरी त मेरै देखिन्छ..." ।

"त्यसो भए धर्मपुत्र नै पाल न त"

भरतले लामो सास तान्यो– "केही सिप लागेन भने धर्मपुत्र पनि पाल्नै त पर्ला । तर के गर्ने, धर्म-पुत्र पाल्ने कुरा सुस्मीतालाई नै मन पर्दैन ।"

सुबोधले सोचनीय मुद्रामा निधार खुम्च्यायो– "केही महीना विचार र धैर्य गर, त्यसपछि कुनै उपाय सोचौंला ।"

त्यसपछि भरत सुबोधलाई वेलुका घरमा ड्रिङ्क गर्न निम्ता गरेर त्यहाँबाट गयो ।

\+ \+ \+

एकदिन गोरखापत्रमा विदेशमा पि.एच.डि. गर्नको लागि आवेदन फाराम भर्न विज्ञापन गरियो । त्यो देखेर भरतले सुबोधलाई भन्यो– "हामी पनि जाउँ, काठमाडौं गएर फर्म भरौं, कतै लाटोको खुट्टा बाटोमा परिहाल्छ कि ।"

"मलाई अहिले पि.एच.डि. गर्ने इच्छा छैन, पछि-पछि मागेमा भरौंला, बरु तँ गएर भरेर आइज ।"

"भरतले निकै कर गऱ्यो संगै भरूँ भनेर, तर सुबोधले मानेन ।

"ठिक छ, म मात्रै भएपनि जान्छु" भरतले जाने निर्णय गऱ्यो ।

"कहिले जान्छस् त ?"

"पर्सि नै हिंड्छु, बरु सुस्मीताको हेर विचार गर्नु, एक्लै छे ।"

\+ \+ \+

भरत काठमाडौं जाँदा विमानस्थलसम्म सुस्मीता सहित सुबोध पनि गएको थियो । फर्कने वेलामा सुस्मीताले एकछिन आफ्नो घर जाने आग्रह गरी-सुबोधलाई । सुबोधले पनि आग्रह अस्वीकार गरेन ।

सुस्मीताले सुबोधलाई निश्छल, निष्कलंक, निष्कपट इमान्दार व्यक्तित्वको धनी ठानेकी थिई र वास्तवमा सुबोध थियो पनि त्यस्तै ।

घर पुगेपछि विदेशी ह्विस्की, रम र ब्राण्डीका सीसीहरूले कहिले खाली नहुने दराज खोल्न पुग्यो सुबोध, जुन दुई मित्रहरूको भेटघाट र हाँसो ठट्टाको माध्यम थियो । त्यो दिन सुबोधले साविक भन्दा निकै बढी पिउन थाल्यो । सुस्मीता आश्चर्य मानेर रोक्न खोजी ।

"मलाई नरोक्नोस्, सुस्मीताजी, प्लिज....." पिएको बेलामा नामले सम्बोधन गर्दथ्यो सुबोधले । उसले भन्दै गयो–"सुस्मीताजी, म एउटा कुरा सोध्छु, नरिसाइकन भन्नोस् है ?

"हुन्छ भन्नोस् न"

"भन्नोस् सुस्मीताजी, तपाई सेक्सलाई कस्तो दृष्टिले हेर्नुहुन्छ ?"

सुस्मीता अलि छक्क परी, प्रश्न सुनेर ट्वाल्ल परेर हेरी र सुबोधलाई भनी– मेरो विचारमा यौन सम्बन्धलाई पति पत्नी बीचको पवित्र सीमित घेरा भित्र मात्र राख्नुपर्छ । त्यसलाई नाघ्यो भने व्यभिचारको बाटोतिर लागिन्छ जुन पाप हो "होइन त ?"

"तपाईको विचारलाई म हार्दिक आदर गर्दछु । तर मेरो विचारमा कहिले काहीं यस्तो विचारलाई त्यागेर कालान्तरमा शान्ति पाइन्छ भने, यस्तो पापलाई एकैछिनको लागि अंगाल्दैमा केही पनि फरक पर्दैन, तर यस्तो पाप कसैको लागि अहितकर भने अवस्य हुनु हुँदैन ।" "पति–पत्नी बीचको यौन सम्बन्ध केवल मनोरंजनको लागि मात्र नभै सन्तान उत्पत्तिको लागि पनि हो, तर कुनै एकको कमजोरीले गर्दा यो असंभव भयो भने त्यसले अर्को विकल्प खोज्नै पर्छ । किनकि प्रताडित जीवन बिताउन दुवैलाई दुष्कर हुन्छ ।" "मलाई यो पनि थाहा छ कमजोरी तपाईमा छैन...त्यसैले धर्मको भ्रममा बस्नुभयो भने यही धर्मले तपाईको जीवन नर्क बन्छ ।"

"तपाईको भनाईको तात्पर्य के हो ?" सुस्मीताले एकासी सशंकित भएर सोधी ।

"म...म तपाईलाई यस लांछनाबाट मुक्ति दिलाउन चाहन्छु एकैछिन पापलाई अंगालेर ।

अब चाहिं सुस्मीताको शंका वास्तविकतामा परिणत हुन्छ । सुबोधको कुरा सुनेर ऊ छक्क पर्छे, र भन्छे– "प्लीज, तपाई यहाँबाट गैहाल्नुस । ...म हात जोड्छु, जानुस..." "म आफ्नो पतिको पवित्र स्नेहलाई धोका दिन चाहन्न ..प्लीज .."

"सुस्मीताजी ! मलाई तपाई जे ठान्नुस्, मेरो उद्देश्य बास्नामय पटक्कै होइन यति कुरा बुझिदिनुस् .." भन्दै उसले सुस्मीताको पाखुरा समात्छ ।

"होइन...सुबोध प्लीज यो पाप हो हुँदैन" भन्दै सुस्मीता रुन्छे तर थकित र गलित शरीरलाई अड्याउन सक्दिन ।

केहीबेर पछि सुबोध सिर निहुँराउँदै भन्छ– "मेरो आदरणीय भाउजु, निसन्देह मेरो यो काम पापमय हो, तर तपाईले यो विश्वास गर्नु पर्छ, मेरो उद्देश्य पवित्र छ । तैपनि म क्षमा माग्छु ..।"

भरतले पछि शंका नगरोस भनेर सुबोध त्यही दिन रात्रीबसबाट काठमाण्डु जान्छ । त्यहाँ पुगेर पि.एच. डि. को लागि फर्म भर्ने विचार जागेकोले काठमाडौं आएको भनेर सम्झाउँछ भरतलाई ।

केही दिन काठमाडौं बसेर दुवैजना सँगै बिराटनगर

उनीसँग सम्पादकले राखेका जिज्ञाशाको उत्तर दिदै "बादमा मलाई नबाँध" भनी पुरानो सुगा रटाई सुनाएको पाउनुबाट उनको हठवादी प्रवृत्ति अझै कायम रहेको प्रष्टिएको छ भने संभवतः यिनै हठवादिताका कारणले होला उनलाई 'वृद्ध युवा कवि' को संज्ञा मिलेको छ । उनका साहित्यमा उनी जति विवादास्पद रहे यो 'वृद्ध युवा कवि' को संज्ञा पनि त्यत्तिकै विवादास्पद छ ।

उमेरका हिसाबले हालसम्ममा पचहत्तर हिउँद र साहित्यिक जीवनको आधा शताब्दी भन्दा बढी उपयोग गरी सकेका 'व्यथित'का आफ्ना श्वेत रौंहरू संगै साहित्यिक आदर्श र पदीय व्यवहारिक क्रियाकलापमा पनि (राजनीति समेत) परिपक्वता र एकरूपता नआएबाट भने वृद्ध बालक भने झैं 'वृद्ध युवा कवि' को संज्ञा उपयुक्त छ । उनकै समकालीन स्रष्टाहरूमा पनि केही अपवाद बाहेक प्रायः सबै आदर्श र व्यवहारमा एकरूपता भएका भेटिन्छन् । आफ्नै मातृभाषाको कृतिलाई मात्र प्राप्त हुने 'श्रेष्ठ सिरपा' बाहेक राष्ट्रिय कृतिलाई प्राप्त हुने कुनैपनि पुरस्कार जित्न सफल नभएबाट पनि उनको साहित्यिक स्तर प्रष्टिन पुग्छ । पुरस्कारले साहित्यलाई मापन गर्न सकिँदैन भन्ने भनाईलाई समेत स्थान दिंदा पनि बहुभाषामा एक प्रशिद्ध कविले रचना गरेका त्यतिविघ्न कृतिले उच्च नभएता पनि तल्लो स्तरको पुरस्कार समेत प्राप्त गर्न नसक्नुले भने स्रष्टाको सम्मान गर्ने हामी सबैलाई आश्चर्य लाग्नु स्वाभाविक हो ।

निचोडमा भन्दा कवि 'व्यथित' भनाइ र गराइमा प्रवल पृथक्ता अंगालेका घमण्डी (हठवादी) प्रवृत्तिका एक सक्रय अवसरवादी व्यक्ति हुन् । आफ्ना अवसरवादी क्रियाकलापको उचित मूल्याङ्कन समेत भएको परिवेशमा उनको अवसरवादी प्रवृत्ति उत्पादनमूलक छ । विद्वान् पाठकवर्गको धारणा के हो ? यस कलमले बढी अतिक्रमण गरेको लाग्छ भने 'कलम' पाठकको 'कठघरा'मा उभिन तत्पर छ । अस्तु ।

सर्लाही, हरिवन–१
१९ पोष २०४६, काठमाडौं

सन्दर्भ ग्रन्थसूची

१. केदारमान 'व्यथित'– 'उनका सबै भाषामा (पुस्तकाकारमा) प्रकाशित कृतिहरू'
(प्रकाशन पक्षलाई ध्यानमा राखी नामहरू उल्लेख नगरिएको)
२. खप्तड स्वामी– 'विचार दीप' गरिमा साझा प्रकाशन पौष २०४६ ।
३. उत्तम कुंवर– 'स्रष्टा र साहित्य' (अन्तरवार्ता ग्रन्थ) साझा प्रकाशन तेश्रो संस्करण ।
४. " " (सं.)– रूपरेखा; पूर्णाङ्क १३७, असोज–२०२९ ।
५. श्रीहरि फूयाँल (सं.) व्यथाः (त्रैमासिक) व्यथित विशेषांक, व्यथा प्रकाशन, २०४४ ।
६. प्रधान, कृष्ण– "कवि व्यथितको विद्रोह" रूपरेखा, पूर्णाङ्क २१७ ।
७. केदारमान 'व्यथित'– "चित्तधर दाइ, प्रेरणाया श्रोत" चित्तधर स्मृति ग्रन्थ ने.भा प. ।
८. लेखनाथ तिसिना– कवि 'व्यथित'को जीवनी व्यक्तित्व र कृति अध्ययन, (अप्रकाशित शोधग्रन्थ)
त्रि वि. नेपाली शि. समिति २०४० ।
९. प्रेमशान्ति तुलाधन– 'कवि 'व्यथित' व बयकःया नेपाल भाषाया काव्य' (नेपाल भाषा शिक्षण समितिको
विभागीय गोष्ठीमा प्रस्तुत गर्न लेखिएको अग्रलेख) ने. सं. ११०९ ।

फर्कन्छन् । तर सुबोध भने भरतको घरमा जान ठ्याम्मै बन्द गरिदिन्छ ।

+ + +

एकदिन भरत खुशीले उत्तेजित भएर हस्याङ्ग–फस्याङ्ग गर्दै सुबोधको कोठामा पस्दै भन्छ– "सुबोध, म आज निकै खुसी छु, यति खुशी छु, यति खुसी छु ...यसलाई म कसरी बयान गरूँ...?

सुबोधले बुझ्छ कि खुसीको कुरा के हो ? तैंपनि बुझ पचाएर सोध्छ– "के भो र ? ति एच.डि. को कन्फर्मेशन आयो कि क्या हो ?"

"धत् मूर्ख, अब त कन्फर्मेशन आयो भने पनि आज, बुझिन् । ईश्वरले हाम्रो प्रार्थना सुनेछन् । म...म... पिता बन्ने भएँ, सुस्मीता आमा बन्ने भई ...।"

"ए, हो ? लौ त्यसो भए मेरो हार्दिक बधाई छ, तिमीहरूको दाम्पत्य जीवन सुखसँग बितोस । यस उपलक्ष्यमा लौ जाओस् एक–एक पेग...।"

"बुझ्नु सुबोध, आज मैंले सुस्मीतालाई यति माया गरें कि, के बयान गरूँ...? उसले मलाई र मैंले उसलाई शंकाको दृष्टिले हेर्दथ्यौं...अब...अब ती सबैबाट मुक्त भइयो ।" उसको स्वर खुसीले गर्दा कामेको जस्तो थियो ।

+ + +

सुनिन्छ– त्यसैको दश महीनापछि सुस्मीताले छोरो जन्माई रे ?

BEST WISHES FOR

Happy And Prosperous

New Year 2047

FEWA TOURS & TRAVELS (P.) Ltd.

BASANTAPUR, KATHMANDU, NEPAL

Po. Box 5323, TLX 2559 FEWA NP

FAX. 977-1-222976 CABLE: FEWATAL

TEL. 216227, 216948

नव वर्ष २०४७ को पुनीत उपलक्ष्यमा

सम्पूर्ण नेपालीमा उज्वल भविष्यको लागि

शुभकामना व्यक्त गर्दछौं ।

साझा यातायात परिवार

कविता
★★★★

जिन्दगी

–रोशन थापा 'नीरव'

भीड–भीडमा एक्लिएर
आज कता हराएछ
खोज्दा–खोज्दै,
समय पनि कता पुगेछ !
अनि, नपाएपछि
तुरन्त अखबारको विज्ञापनमा
यस्तो रूप र यस्तो रंगको
त्यस्तो आकार र त्यस्तो मुहार
दिएर हुलिया
उसको खोजी भएछ
र, लेखिएछ–
पाउनु हुने महानुभावलाई
आँखाबाट समुचित
स–सम्मान, मोतीका केही
बूंद पुरस्कार ।

(हाल– मालिगाउँ)

गजल

–प्रमोद स्नेही

चिनेन माली काँडाले शायद घोचेर रुवायो
बासन्ती बाहार फर्कने फेरी कल्पना देखायो

बसन्तलाई वास बसाउन खोज्दछ नयन
बसन्तमै काँडाले हरदम लुट्दछ चयन

शिशिरमा पनि सपना देख्दा भेट्दछ बहार
सपनाबाट व्यूँझदा पाउँछ मुटुमा गहिरो प्रहार

बसन्त नाममा केवल यो माली बाँच्दछ
विवशता भित्र विश्वास राख्दै हारमा हाँस्दछ ।

(पुतली सडक)

कविता
★★★★

'शालिक'

–कुन्दनकुमार पन्त

अड्डा–अदालत धाएर
मुद्दा गरि हिंड्नेको लागि
सबैभन्दा ठूलो नालिस लाग्छ ।
इमान्दार नोकरलाई
जति शोषण गरे पनि
सबैभन्दा ठूलो आफ्नो मालिक लाग्छ ।
म त यौटा देशभक्त नागरिक
मलाई त देश र जनताको लागि
आफ्नो जीवन होम्ने
सबैभन्दा ठूलो अमर शहिदको शालिक लाग्छ ।

(पकनाजोल, काठमाण्डु)

गीत

–बिरेन्द्र राई

जीवन भन्नु केही हैन, गाँठो रहेछ
फुकाउँदा फुकिने यो बन्धन रहेछ ।

आज मेरो मनको तृष्णा यौवनमा चढ्यो
नभनुं त दिलको व्यथा दिलभित्रै बढ्यो
यस्तो लाग्छ जिन्दगी यो व्यर्थ रहेछ
जीवन भन्नु केही हैन, गांठो रहेछ ।

कल्पनैमा स्वर्ण महल कति सजाए थें
भावनाका वस्तीहरू पनि बसाए थें
छिनै उलि सुकी जाने भेल रहेछ
जीवन भन्नु केही हैन, गांठो रहेछ ।

(खोटाङ, दिक्तेल)

कविता
****

लाम लाग्नु

—अरुणा बैद्य

म लाम लागेर उभिरहन्छु,
तिमी पनि लाम लागेर उभिदिनू,
आखिर लाग्नु त हो,
लामै लागिदिनू,
हामीलाई यस्तै रोग लागेको छ,
शायद, यो सरुवा रोग लागेको हो,
माहामारी चलेको हो,
नपत्याए, ऊ हेर त
म जस्तै, तिमी जस्तै, ऊ जस्तै
धेरै 'लाग्नुका' रोगीहरू लाममा देखिन्छन्,
यतिबेला लाग्छ–
पूरै विश्व नै रोगी छ ।
थाहा छैन,
यो लाम कत्रो छ,
यो हामीले सोचेभन्दा
अझै लामो पनि हुनसक्छ,
केही छोटो पनि हुनसक्छ,
तर यति थाहा छ,
लाम लाग्नु कुनै हो, धेरै बेर लाग्न सक्छ ।
लाम लाग्नु पालो पर्खनु हो–
पालो आउन पनि सक्छ, नआउन पनि सक्छ,
सुने अनुसार–
पर लामको टुङ्गोमा,
चिट्ठा खोलिदैछ अरे
भाग्योदय चिट्ठा
तर क–कसलाई चिट्ठा पऱ्यो
क–कसको भाग्योदय भयो
यतिन्जेल–
कतिपटक चिट्ठा खोलियो,
केही थाहा छैन,
कतिलाई रित्तै हात फर्किनुपऱ्यो,
हामीलाई चिट्ठा पर्छ पर्दैन
खै त्यो पनि थाहा भएन
साँच्चि नै हामीलाई रोग लागेको छ,
हामीलाई चिट्ठाको चुम्बकले तानेको छ,
हामीलाई लामको अंकुशीले तानेको छ,
लामलाई हाम्रो अंकुशीले तानेको छ,
यताबाट–उताबाट
हामीलाई पर लामको टुङ्गोमा पुग्नु परेको छ ।

(बिजेश्वरी, काठमाडौं)

बुमर्‍याङ*

–आशा पूर्ण देवी

रोनोबीरले यस्तो एक किसिमको सुझाव दियो तर असीमाले त्यस्तो फराकिलो सपनालाई सोच्न सकिनन् । तिनी एकछिन चुपचाप रहिन् र सोधिन्– तिमीले दिएको सुझावले मैले कसरी सजिलैसँग काम गर्न सक्छु ! के यो असम्भव छ ? रोनोबीरलाई व्यङ्ग्य र खिजाएको जस्तो लाग्यो र भन्यो– आफ्नो उच्च खानदानबाट खसुला भन्ने डर लागेको छ कि कसो तिमीलाई ?

त्यहाँ खस्ने कुनै प्रश्नै छैन । तर हामीले एक–अर्कालाई उमेरले हेरेका छैनौं । अकस्मात् मैले यस्तो किसिमको अनुरोध गरें भने...! यी कुराहरू सुनेर रोनोबीर जोडले हाँस्दै भन्यो– एउटा श्रीमान् र दुईवटा छोराहरूको पारिवारिक जीवन जोसुकैले पनि धानी रहेको छ ! पहिलो प्यार जस्तो सधैं कसले दिन सक्छ ?

"रोक ! यस्तो असभ्य कुराहरू नगर ।"

"के मैले सभ्य भएर कुरा गरिरहेको छैन । तिम्रो जिद्दी गर्ने बानीले मेरो तापक्रम बढाउने कोशिस नगर । यहाँ असम्भव भन्ने कुरा नै के छ र ? मानिसहरू पहिलो प्रेमलाई सजिलैसँग बिर्सन सक्दैनन् । के तिमी यसमा मन्जूर छयौ ? जवानको बेला घोसाल साहेबले तिमीलाई ढल्काएको थियो हैन त ? अब ऊ तिम्रो अनुरोधको मौका पाएर खुसी हुनेछ ।" असीमाले जवाफ दिइन्– "तिमीलाई पहिलो प्यारको बारेमा राम्रै जानकारी छ जस्तो छन. ! यदि ऊ प्रशन्न अनुभव गर्छ भने यस्तो अवस्थामा म कसरी प्रशन्न अनुभव गर्न सक्छु ? के तिमीले मेरो अवस्थालाई सोचेका छौ ?"

"तिम्रो अवस्थालाई लिएर किन समय बर्बाद गरूँ? सबैजसो मानिसले आफ्नो भाग्य ईश्वरको हातमा सुम्पेको हुन्छ । यदि उसले चाहेमा मलाई राम्रो नोकरी दिन सक्छ ।"

कुनैपनि मानिसले आफ्नो श्रीमतीबाट केही मागी रहेको हुन्छ । त्यस्तै तिमीले मबाट मागिरहेका छौ ! असीमाले भनिन् । रोनोको भनाई थियो– तिमीलाई थाहा छ, घोसाल साहेबलाई कहिले कहिलेको लागि आवश्यक ! त्यसकारण यो अनुरोध तिमीलाई सजिलो हुन्छ ।"

असीमाले ओठमा कुटील मुस्कान लिएर भनिन्– सजिलो ! वास्तवमा कसरी धेरै सजिलो ?

* अष्ट्रेलियावासीको एक किसिमको अस्त्र ।

एघार वर्षपछि तिनी डेबोब्रेटको घरमा दाखिला भएकी थिइन् र नोकरी पाएकी थिइन् । अनि आश्वासन पाएकी थिइन् । यदि तिमी राजी भएमा, तिम्रो बेरोजगारी श्रीमान्लाई !

कुनै समयमा डेबोब्रेट असीमाको सहपाठी थियो र तिनीहरू एक आपसमा ज्यादै मिल्दथे । रोनोबीरले त्यो थाहा पायो । त्यो समयमा डेबोब्रेटले सहपाठीको नाताले आफ्नो फाइदा सफलतासँग हासिल गर्न सक्थ्यो । डेबोब्रेट अहिले ठूलो फ्याक्ट्रीमा पार्टनर छ । यदि उसले चाहेमा रोनोबीरलाई नोकरी दिन सक्थ्यो । त्यसकारण रोनोबीर भन्छ– डेबोब्रेट कहाँ जाउ र आफ्नो श्रीमान्नको लागि नोकरी माग !

असीमाले दृढ आवाजमा जवाफ दिइन्– "कसैले पनि के कठीन र के सजिलो छ भनेर बुझ्न सक्दैनन् । तर म तिमीसँग सोध्न चाहन्छु, के तिमी सधैं उसको अगाडि उसको अधीनमा सधैं तल्लो तहमा रहेर काम गर्न सक्छौ ?

रोनोबीरले भन्यो– सक्दिन र ? माग्नेको पनि कुनै इज्जत हुँदैन र ? तिमी जाउ, म उचित तहमा काम गरूँला । तिमीले उसलाई मेरो नाम र ठेगाना देउ अनि राम्रो सिफारिश गरिदेउ । असीमाले भनिन्– उसले मलाई भेट्ने कुनै अवसर नै छैन होला– किन भने ऊ पनि एउटा चीफ बोस हो । के उसले एउटा सानो मानिसलाई चाहला र ?

उनीले हाँसेर अगाडि भनिन्– यदि उसले मलाई चिनेको छैन भन्यो भने ! अहिलेका धनीहरू गरीबहरूलाई चिन्न सक्षम हुँदैनन् । उसले पनि बढी बहस गरेर 'चिन्दिन' भन्यो भने...!

रोनोबीरले आश्वासन दियो– किन बहस माथि बहस गर्ने ? तिमीले अलि जोड दिएर कुरा गर । जसले तिमीलाई देखेको छ त्यसले बिर्सन सक्दैन ।

असीमाले भनिन्– ल भनिदेऊ, उसले मलाई चिन्छ तर मेरो अनुरोधलाई उसले लिन्छ कि लिदैन !

कस्ले भन्छ तिम्रो अनुरोधलाई नकार्छ भनेर ! रोनोबीरले मुस्काएर भन्यो ।

असीमाले रातो मुख लगाइन् । तिनी डराएर आफैंलाई नियन्त्रणमा राख्न सकिरहेकी थिइनन् । यदि तपाईलाई सबै थाहा छ भने किन मलाई पठाउन खोज्नु भएको त ? रोनोबीरले भन्यो– तिमी उखान किन बुझ्दिनौ ? तिमी नै मेरो बल स्रोत हौ, यो किन बुझ्दिनौ ! तर ठट्टा हैन, बिश्वास छ, घोसाल साहेबले पुरानो मित्रतालाई यस्तो भन्न सक्नु हुन्न ! असीमाले भनिन्– ठीक छ, तिमी लोग्नेमानिसहरू एक अर्कालाई चिन्छौ । अब म अर्कोपल्ट अनुरोध गर्न फेरि जान्न । रोनोबीरले भन्यो– वास्तवमा तिमीलाई अहिले इज्जतको ख्याल छ । यो ठाउँको चारैतिर तिमीले हेरेकी छयौ । के तिमीले दुइटा बच्चा हरूको अवस्थालाई बुझेकी छयौ ?

असीमाले आफ्नो मुटुलाई संयममा राख्न नसकेर चारैतिर हेरिन् र पत्ता लगाउन खोजिन्– आफ्नो स्थिति र दुइटा बच्चाहरूको अवस्थालाई ।

घरको एउटै कमाउने मान्छे बेरोजगारी भएको सात महीना भैसक्यो । उसको ध्यान दुःखी अवस्थामा रहेको आफ्ना बच्चाहरूमा छ । धेरै दिन भैसक्यो दुधको थोपा त्यो घरमा छैन । अझ कहिलेसम्म नहुने हो ।

रोनोबीर सोचीरहेको थियो– आइमाईको मुटु न हो एउटा बेरोजगार मानिसले आफ्नो आत्मसम्मान

व्यक्त गर्न सक्दैन । ठीक छ अहिलेलाई सडकमा मागिरहनु पनि मेरो पेशा हो । लोग्ने सडकमा मागीरहला र केटाकेटीहरू एकपछि अर्को मर्दै गर्लान् ।

रोनोवीरले ठूला ठूला आँखोले असीमालाई हेर्‍यो । तर असीमाको अनुहारमा रिसाएको, बेइज्जतीको र दुःखको कुनै चिन्ह देखेन । त्यतिबेला साँच्चिकै ढुङ्गा जस्तै साह्रो र निर्जीव जस्तै कठोर अनुहार देखिन्थ्यो असीमाको ।

असीमाले एकछिन सोचेर भनिन्– "ठीक छ म उसकहाँ जाउँला" त्यसपछि उनले तुरुन्तै कोठा छाडिन् । त्यो देखेर रोनोवीरलाई केही शान्त भयो । किनभने उसले असीमाको मनलाई बुझाएको थियो । वास्तवमा यस्तो दुःखमा पर्नु रोनोवीरको दुर्भाग्य थियो । उसको शैक्षिक योग्यता पनि घोसाल साहेबको भन्दा कम थिएन । घोसाल साधारण ग्रेजुएट थिए ।

रोनोवीरले देख्यो– असीमा शृङ्गार गरेर घरबाट निस्किन् ।

जब असीमा फर्किन्, तिनले ब्याग बिछौनामा फालेर बसिन् ।

रोनोवीर ख्याल नजीकै चुपचाप मेचमा बसिरहेको थियो । उसले असीमालाई घोसाल साहेबकहाँ पठाएको थियो त्यसैले उसलाई चिन्ता र लाज लागेको थियो । असीमाले उसलाई विश्वास दिलाउन साहस भएन । तिनी चुपचाप घर छोड्नको लागि तयार भइन् ।

असीमाले घर छाडेपछि रोनोवीरले आफैंलाई फेरि आश्वासन दिन कोशिस गरिरहेको थियो । उसले केही समय पर्खो– असीमाले पनि आफ्ना दोषहरू देखाउलीन भनेर । यसरी नै मौनता लम्बिरह्यो । एक मिनेट एकघण्टा जस्तो लाग्न थाल्यो । ऊ धेरैबेर चुप रहन सकेन र सोध्यो– के धनी साथीले तिमीलाई चिनेन ? असीमाले भनिन्– के मतलब, उसले मलाई चिनेन ? एकपटक देखेपछि मलाई फेरि कस्ले बिर्सन्छ भनेको हैन ?

रोनोवीरले असीमालाई माथिदेखि तलसम्म हेर्‍यो । कति बेलादेखि उनीले लुगा लगाएर मेकअप गरेर बसेकी थिइन् । कहिलेदेखि असीमालाई सिल्कको सारीमा देखेको थियो ? कहिले देखि...?

तिनीले लुगा लगाएको देखेर के रोनोवीर खुशी छ ? ऊ खुशी थियो भने किन उसका आँखाहरू बलिरहेका थिए ? उसले हत्केलाले मुख छोप्यो । त्यसपछि उ मुस्कुरायो र भन्यो– तिमी मलाई मेरै हतियारले मार्न लागिरहेकी छयौ ? यसको परिणाम के हुन्छ । तिमी फर्केर आउँदाखेरी नै तिम्रो अनुहारले ती सबै कुरा दर्शाएको थियो ।

असीमाले उसलाई नम्रतासँग भनिन्– २७५।– रूपैयाँले आनन्दसँग पुग्छ ? उसले मुस्कुराउने कोशिस गरेर भन्यो– दुईसय पचहत्तर रूपैयाँ ? यो सबै के हो ? मलाई भन । के यो साँचो हो ? अथवा झुठो हो ? मसँग ठट्टा गर्ने समय छैन ।

रोनोवीरको अनुहारमा भोक र निराशा देखिएको थियो । नोकरी खोज्नु बाहेक अरू कुनै विकल्प थिएन । रोनोवीरले आँखा मात्र हैन आफ्नो शरीर नै जलिरहेको अनुभव गर्‍यो । घरका अभावहरूले गर्दा उसले असीमालाई घोसालकहाँ पठाएको थियो । उसले भन्यो– तिमी जाने बित्तिकै घोसाललाई भेट्यौ? त्यसपछि तिमी छिटो फर्क्यौ ? एउटा पुरानो साथीले तिमीलाई कति छिटै पठाएछ हँ...? असीमाले प्रश्न-

को जवाफ सफासँग नदिएको हुनाले रोनोबीरले चिच्याएर सोध्यो– के भयो ! खुलस्त मलाई भन । असीमाले भनिन्– बढी कुरा नगर । म गएँ । मैले भनें र मैले गरें । उसले मलाई नियुक्ती पत्र दियो । भोलीदेखि काम शुरू हुन्छ ।

नियुक्ती पत्र ! भोलीदेखि काम शुरू हुन्छ ! मलाई अहिलेसम्म थाहा छैन कस्तो किसिमको काम हुन्छ होला ! रोनोबीरले आश्चर्य प्रकट गऱ्यो ।

मैले नोकरी स्वीकार्न सकिन र भोली नै जान सकिन भने ?

असीमा जोडले हाँसिन । यस्तो किसिमको हाँसो उसले अहिलेसम्म सुन्न सकेको थिएन । कोठाका भित्ताहरू र सिलिङहरूमा पनि त्यो हाँसो धेरैवेर गुन्जीरहे झैं भयो ।

"किन तिमी नै जानुपर्छ र ?" "हो, म आफै जानुपर्छ ।"

"काम तिमीलाई सुम्पेको छ ?"

हो, तिमीले यो प्रस्तावलाई कहिल्यै स्वीकार गर्दैनौ । त्यसकारण मैले तिम्रो नाम नलिएर मेरै लागि काम सोधें– "म ग्रेजुएट छैन । मैले यूनिवर्सिटी-को थर्ड एयर पुरा गरेकी छु । म बस्दा बस्दा बोर भएकी छु, मैले केही कमाउन चाहन्छु । के तिमी मलाई नोकरी दिदैनौ ?" उसले मलाई भन्यो– म तिमीलाई खुशी तुल्याउन नोकरी दिउँला ।

यो सुनेर रोनोबीर जडवत मूर्ति झैं भयो ।

एउटी आइमाई– जो सबै कुराले विवश थिइन् र निर्जन ठाउँमा जान पनि असहमति जनाइनन् । असीमाको यस क्रियाकलापले अर्कै दिशातिर तेजस्वी बाण हानेको जस्तो प्रतीत हुन्थ्यो ।

अनु– **लक्ष्मी पन्त**

ज्ञान पुस्तकमा होइन हृदयमा हुन्छ ।

–फारसी लोकोक्ति

TNT SKYPAK

THE WORLDWIDE COURIERS

For Quick Delivery of Your Very Important Documents:

For Details:

Swift Air Cargo Service Pvt. Ltd.

Kantipath (Behind Air India)

Kathmandu

Phone No. 215439, 212637,

TELEX:– 2357 SACS NP

FAX:– 977-1-225524 **Cable: AIR CARGO**

कविता
****

किन विथोलिइरहेछ मन ?

–शालिकराम पाण्डे

बेचैन र छट्पटिका उच्छ्वासहरू
छातिभरि लात मारिरहेछ
प्रहारको असिम वेदना पनि स्तब्ध छ
शून्यतामा कोलाहल ब्युंझाउँदै
थाम्न नसकिने आँधी झैं
भागिरहेछ मन ।

बच्चा कोरल्न ओथ्रा बसेकी पोथी झैं
कतै बिपना कोरल्न सकिने भए
कल्पनाको चरमोत्कर्षमा
मन सपना ढाकेर बस्ने थियो
तर यथार्थको तातोमा
कल्पनाको मैन पग्लिएर
उदाङ्ग छ मन ।

वासनाको आगोमा सल्किएकी पोथीलाई
नपुंसक भालेले गर्भदान गर्न नसक्दा
उपस्थित मनस्थिति झैं
सशक्त मनमा अशक्त अभिव्यक्तिले
गर्भदान गर्न नसकेर
प्रताडित छ मन ।

(बुटवल, दिपनगर)

मुक्तक

–हरि मञ्जुश्री

एक ..

तिमी मलाई सम्झेर दुईपल्ट आयौ
एकपल्ट काल बनेर आयौ
एकपल्ट जाल बनेर आयौ
अब मलाई तिम्रो आवश्यकता छैन
त्यसैले तिमी मलाई बिर्सेर
अरूको माल बनेर आयौ ।

दुई ..

म मुख लुटाएर बस्न खोजिरहेछु
म मुख लुकाएर बोल्न खोजिरहेछु
खुट्टा छुटाएर हिड्न माव्रै डर लागेको छ
आँखा फुटाएर ऐना हेर्न रहर लागेको छ ।

तीन...

तिमी नपुंशक हौ भने स्वागत छ
यो कालो झण्डाको स्वागत छ
तिमी पुरूषार्थी हौ भने स्वागत छ
यो लामो डण्डाको स्वागत छ
तिमीले अर्थ बुझेकै होलाउ यसको
बाध बनाउन किनेको
मेरो हातभरि कागत छ ।

कविता
★★★★

'सात शब्द'

–मित्रलाल पंज्ञानी

अहिंसा

साँपलाई दूध खुवाएर पाले
एक अहिंसावादी महात्माले
साँपले शयौंलाई टोकेर मार्‍यो
अहिंसाको धज्जी उड्यो ।

अगुवा

बाटो चिन्ने अघि लाग्यो
नचिन्नेहरू पछि लागे
अगुवा इनारमा खस्यो
पछुवाहरूले तान्न पर्‍यो ।

विश्वास

पत्तै नपाईकन गुग्न सक्छ
बाटो बिरियो भने,
सस्तो नठान कसैले
विश्वासको पुनर्जन्म कठीन छ ।

शहीद

शहीद भएको ख्याल ख्याल हैन
जीवन–मरणको संवाल हो
बाँच्नेहरूले विर्से भने
धोखा जघन्य अपराध हो ।

प्रशंशा

निन्दा सुन्न नसक्नेलाई
प्रशंशा सुन्ने अधिकार छैन
तर विडम्वना–
निन्दायोग्यहरूले मात्र
प्रशंशै–प्रशंशा सुन्न चाहन्छन् ।

नेता

तिमी व्यक्ति पतिएका हैनौ
व्यक्तित्व पतिएका हौ
व्यक्ति पतिन खोज्छौ भने
पछि फर्केर हेर
तिमी एक्लै छौ
जनता अन्तै गए ।

मौका

राष्ट्र विगार्ने अराष्ट्रिय हो
त्योसँग विवेकको आशा किन ?
जोसँग थोपो विवेक छैन,
भाखा नराख, बेला यही हो
जनता हक खोस्न तयार छन् ।

हास्य कथा

भगवान् तिमी कहाँ छौ ?

–शङ्कर कोइराला

बाँकी के नै रह्यो अब ? जो पनि बलेकै आगोलाई आगो मान्छन् र ताप्ने आशा गर्छन् ।

जाडोमा ताप्नुमा त कुनै अस्वाभाविक होइन । तर जहाँ जाडो गर्मी नभनी ताप्न लालायित हुन्छन्, र अरूलाई त्यसको रापसम्म छेकेर बस्छन् त्यस्ता व्यक्तिहरूलाई म अनौठो ठान्दछु ।

यस्तै परिवेशमा म बाँचिरहेको छु । मलाई जाडो भएको कोही देख्तैन । अन्तर्यामी भएर सबैको फूलमाला चढाएको तमाशेले तमाशा हेरेर मख्ख परे झैं हेरिरहन सक्ने अन्तर्यामीलाई म कसरी भगवान् भनूं ! म भक्त हुँ तर भक्तलाई फूलमाला ल्याएन, प्रार्थना र पूजा गरेन भन्ने भगवान् अब देशका कुनाकाप्चामा मात्र पुजिने गर्छन् यसैले भगवान्‌ आजकाल गाउँ–घरमा धेरै पुजिएका देखिन्छन् ।

भगवान्‌लाई पूजा अर्चना गर्ने हो भने गाउँमा जाऊ शिवरात्रीको पर्वमा लाइन लागे झैं घण्टौं कुरेर दर्शन गर, उभिंदा–उभिंदा करकर दुखेको कम्मरलाई झुकाएर– प्रभु अन्तर्यामी हुनुहुन्छ । मैले के प्रार्थना गरूँ । सबै तपाईलाई अवगत छ । म अकिञ्चनको पुकारा के बिसाऊँ ।– हात दुवै जोड्दै कराऊ । कराउन नसके भगवान्‌ले सुन्दैनन् ।

आजकाल भगवान् पनि कानमा रुवो कोचेर टाउको हल्लाउन सिपालु छन् । उनी टेलिभिजनमा तिमी प्रति अति करुणामय देखिन्छन् । तिम्रो बिन्तीपत्रको कागत समेत ग्रहण गर्छन्– यदि तिमी साँच्चिकै पत्थरको मूर्तिलाई विश्वास गर्छौ भने । के प्रह्लादको बिन्ती सुनेर खम्बाबाट नृसिंह भगवान् निस्केका कुरामा तिमीलाई विश्वास छैन ?

अँ त यौटा त्यस्तै भक्तको कुरो यहाँ म सुनाउँदै छु–

यो देश धर्म धर्मले भरिएको देश हो । यहाँ अधर्म गरे पनि धर्मले गर्दा त्यो अधर्म ठहरिन्न जस्तो कि समुद्रमा एक थोपा विषको के असर !

धर्मात्मा मीराले विषको प्याला पनि सप्रेम पिई दिएकी थिइन् । त्यस्तै उदाहरण अरू पनि पाइएलान् जसले यही दर्शाउँछन् कि मुख्य भक्त हुनुपर्छ । भक्तिले गर्दा पत्थर पनि पग्लिन्छ ।

एउटा व्यक्तिले पनि यो देशमा कङ्गाल भएर देशलाई कलङ्क लाउनु परेको छैन । यसैले कोही पनि देशको कलङ्कमा विश्वास गर्दैन । कंगाल र कंकालमा त्यति फरक पनि छैन जहाँ धर्म र अधर्ममा फरक मानिंदैन ।

ऊ एउटा व्यक्ति हो । हो वा होइन जहाँ व्यक्ति बत्रलाई व्यक्तित्व हुनुपर्छ । व्यक्तिको व्यक्तित्व छैन भने उसले पुकारा र अर्चना मात्र गर्न सक्छ । उसले पुकारा गऱ्यो त्यही फोटोलाई अगाडि राखेर– हे भगवान् मेरो प्रार्थना सुनेर तिम्रो भेडो त भइसकें । अब भेडो मात्र भएर मलाई पुगेन । बनाउन सक्छौ भने मलाई कंकाल बनाऊ । कंकाल भएर बाँच्ने शक्ति दियौ भने हामीले पनि यो मसानमा बाँच्ने वातावरण पाउने थियौं ।

सपनामा दिव्यदर्शन भेट्टायो उसले र आश्चर्य प्रकट गऱ्यो– प्रभु, मलाई त लाइन लाग्नै परेन । मेरै झुप्रोमा दर्शन पाएँ । यो मेरो अहोभाग्य हो । मैले मागेको कुरो त दर्शन नै थियो । दर्शन पाएँ म परितृप्त भएँ ।

प्रभुबाट वर माग भन्ने आदेश भयो– उसले भऱ्यो, 'मलाई जेल नेलको सजाय भन्दा बढी ज्यान सजाय प्यारो लाग्छ ।'

–जेलनेलदेखि किन डर ? –भगवानले हाँस्तै भने । भगवान् ! मलाई जीउ धन दिई यस भूतलमा पठाउने हजुरको भर पर्दा यस्तो विन्ती गर्नु परेको हो । डरको स्थान मेरो मुटुमा हुँदो हो त, ज्यान सजाय किन माग्थें ? –त्यस व्यक्तिले भनेछ । ल तथास्तु–' भनेर आफ्नो एडीसी गरुडमाथि बुई चढी भगवान् अन्तर्धान भएपछि उसको निद्रा खुल्यो ।

आज भूतहरूको सम्मेलन हुँदैछ भन्ने सुनेर भू–मण्डल परिक्रमा गर्दै विशिष्ट भूतादिगणहरू सहित भेला भएका औसरमा कंकालहरूको प्रदर्शनले तर्सेर भागेका जनहरू मुडुलै टुपी हल्लाउँदै जिउँदै मर्न लागेको दृश्य उपस्थित भयो । न त त्यहाँ क्यामेरा-म्यान पुग्न सके, न रिपोर्टरहरू । यसैले टेलिभिजनले भिजन पनि देखाउन सकेन र रेडियोले समाचार प्रसार गर्न पनि सकेन । २०४७।१।४

ईश्वरद्वारा रचिएको पृथ्वीले सबैलाई समान व्यवहार गर्छिन् ।

–अज्ञात

☐ ☐ ☐

इतिहास भन्दा काव्य नै सत्यको नजिक आउँछ ।

–प्लेटो

With Best Compliments

FrOm

SHANGRILA TOURS (Pvt.) Ltd.

Himalayan JOurneys (P.) Ltd.

Kantipath
P.O. Box 989
Kathmandu, Nepal

Phone: 226138, 226139
Telex : 2344 HJTREK
Cable : JOURNEYS

कविता
****

आऊ। सहयात्री बनौं

—रुद्र श्रेष्ठ 'अबोध'

जीवन,
के एक्लै छ त.....?
नत्र किन ? यहाँ
सारा यात्राहरू रद्द गर्नुपर्ने
सहयात्रीको अभावमा ।
जीवन,
के अँध्यारो नै छ त.....?
नत्र किन ? आज
जति उज्यालो उति कम देखनुपर्ने
डर/त्रास/भयले आतङ्कित भएर
गोधुलितिर दौड्नु पर्ने ।
जीवन,
के अपाहिज नै हो त.....?
नत्र किन ? सधैं
संघारदेखि आगनसम्मको
दूरी पार गर्न वैशाखी खोजिरहेका छौं
अनि भरेको लागि बाँच्न
भोटोको फेर फैलाई रहेका छौं ।
जीवन,
के विषाक्त छ त.....?
नत्र किन ? हामी
आपसमा विकर्षण भएर
शंकालु जीवन बाँचिरहेका छौं
अनि एक अर्काको विनाश गर्न
"सुप्रिम पावर"को खोजिमा छौं ।
जीवन,
यदि यस्तो हैन भने
फेरि शुरु गरौं ती यात्राहरू
"वसुधैव कुटुम्बकम्" भन्दै
उज्यालो मशाल बालेर
गोधुली पर सारौं
फालि कृत्रिम वैशाखी यहाँ
पौरुषत्वलाई अगाडि सारी
स्वच्छ प्रेम/त्याग/आकर्षण नै
"सुप्रिम पावर" बन्न सक्छ आज
त्यसैले
आऊ/आज जीवनलाई
नयाँ गोरेटोतिर लैजान
हातेमालो गरी सहयात्री बनौं ।

(काकडभिट्टा–७, हाल– इन्द्रचोक)

शुभ–कामना

–वेनीबहादुर थापा

नव–वर्षको शुभ–कामना सबलाई
वर्–सोस् अमृत शान्तिको हामीलाई
प–ट् ऋतुको अधिपति यो वसन्तराज
को–शेली लिई आएको छ आज
शुभ–होस् नव वर्ष यो अधिराज्यमा
कामना– यही छ हाम्रो, नाम बढोस् विश्वमा ।

(नयाँ दिल्ली, भारत)

गीत

–रमेश पौडेल

तिमीलाई पढ्न खोजेको थें मनको पानाभरी
असीम रहेछन् भावहरू बुझ्नु कसो गरी ।
एउटा छोटो कथा भए पात्र पनि होलान्
एउटा लामो व्यथा भए पीडा पनि होलान् ।
कथा, व्यथा पल्टिदिन्छन् मनको पाना भरी
असीम रहेछन् भावहरू बुझ्नु कसो गरी ।
भनिदेऊ न तिमी आफैं गीत भए गाउँथें
मनको तार रेटी तिमीलाई संगीतमा पाउँथें ।
हृदयमा राखी तिमीलाई पढ्छु घरी–घरी
असीम रहेछन् भावहरू बुझ्नु कसो गरी ।

(तनहूँ, हाल– काठमाडौं ।)

गजल

–पुष्पहरि 'क्यापा राई'

मान्छेले नै मान्छेलाई चिन्दैनन् किन ?
चिने पनि नचिने झैं गरी हिंड्छन् किन ?
आखिर एउटै परिवेश, एउटै धरातल
घमण्ड र स्वार्थलाई त्याग्दैनन् किन !
कतिन्जेल बाँच्नु छ र अहंकारसँग
चेतनाले पनि बुद्धि भरिदिन किन ?
ढुंगा पनि देउतै हो रे चिन्न सके त्यसलाई
आडम्बरको पनि मान्छे गर्व गर्छन् किन ?
संसारैको रीत कस्तो जान्नै मुश्किल पऱ्यो
सबैतिर हेर्छन् मान्छे, आफैलाई मात्र देख्छन् किन ?

(उँबु–१, ओखलढुङ्गा)

गजल

–युवराज नयाँघरे

भीडभाडमा छु म तर सुनसान लाग्छ अचेल
त्यो घर जुन मलाई मसान लाग्छ अचेल ।
चाह छन्, रहर छन् र विशाल सपनाहरू छन्
यो जिन्दगी व्यर्थको चिहान लाग्छ अचेल ।
बन्धक राखेर आँसुलाई सुख किनेको थिएँ
के गर्नु ? हजुर ! दुनियाँ थर्कमान लाग्छ अचेल ।
साउती मारेर कतिन्जेल जिन्दगी धान्ने होला !
हर आँगन र बुइँगल सावधान लाग्छ अचेल ।
संझेर तिमीलाई जिन्दगीको जेब्राक्रस काट्दैछु
त्यो मुस्कान 'नयांघरे' लाई वरदान लाग्छ अचेल ।

पाठकको दृष्टिकोण

श्रीमान् सम्पादकज्यू,

'दायित्व' वर्ष ३ अङ्क १०, घुम्दै फिर्दै धनकुटामा आइपुगेछ । मैले यसलाई बिसिसकेको रहेछु । करिब एक वर्ष अगाडि यसको एउटा अंक पढ्न पाएको थिएँ । सामयिक संकलनको रूपमा जन्मिएको 'दायित्व' यति स्तरीयताका साथ जवान होला भन्ने सोचेको थिइँन । अङ्क १० लाई पढेर केही नलेख्नु 'दायित्व' माथि पाठकीय दायित्व बहन नगरेको ठहर्छ । यसमा राखिएका कविताहरू नयाँ अनुभूतिहरू लिएर आएका छन् । धीरेन्द्र मल्ल, उपेन्द्रबहादुर थापा र वासुदेव अधिकारीका गजलहरू मन छुने खालका छन् । मोहन दुवालको 'चेतना गुलाब होइन' कविताले चेतनाको जिउँदो जाग्दो सूर्य उदयको आकांक्षा गरेको छ । 'माटो' मा सुगन्ध हरहराएको महसूस गराएका छन्– मुरारी पराजुलीले । दामोदर पुडासैनी 'किशोर'को 'अचेल कस्तो ! सन्चै छ ?' कविताले युगीय प्रताडना उत्पन्न गरे झैं लाग्छ । प्रल्हाद पोखरेल, विनोद नेपाल 'वैगुनी', यमबहादुर दुरा, विष्णु भण्डारी, यदु पन्थ, प्रकाश खतिवडा, कुमार 'विवश' सबैका कविताहरूले युगको भुमरीले पारेको लहरको बोल बोलेका छन् । भावनामा आन्तरिक स्वर उद्बोधन गरेका छन् । नरेन्द्र प्रसाईको गीत संगीतबद्ध गरेर गाउँ–गाउँ झैं लाग्यो ।

कथा तर्फ बालकथा हो क्यार "ढुंगे चउरको बुढी बज्यै" ले बालक मनमा गहिरो छाप पार्छ । 'डेराको खोजी'मा नामक कथामा कमल ज्ञवालीले विद्यार्थी जीवनले शहरी वातावरणमा भोग्नु परेको यथार्थ दुःख प्रस्तुत गरेको छ । 'मुख्य कवि' को यात्रामा राम प्रसाद पन्त परिस्थितिले निमोठिएका निःसहाय व्यक्तिहरूको चरित्र चित्रण गर्न सफल छन् । अनिल 'बेनामी'ले 'जडवत'मा छोटो रूपमा एउटा सिङ्गो चरित्रको पूर्ण चित्र उतारेका छन् ।

साहित्यिक सामग्री को साथसाथै ज्ञान–विज्ञान र सामान्य ज्ञान समेत समावेश गरिएको हुनाले 'दायित्व' ले धेरै पाठकको मन जितेको छ । हास्य–व्यंग्य समेत समावेश गरे कसो पर्ला ?

०४६।११।१५ —प्रेम प्रोझा
पाँचथर

\+ \+ \+

सदा झैं यो दशौं अङ्क 'दायित्व' हात पऱ्यो । यस अङ्कका रचनाहरू मननयोग्य नै लागे– कवि विश्व-विमोहन श्रेष्ठसँग भेटवार्ता गरिएको रहेछ, यसको निम्ति साधुवाद ।

भारतका महाकवि 'निराला'को खोजपूर्ण लेखको निम्ति लेखक राम प्रसाद शर्मा बधाइका पात्र छन् ।

कथा तर्फ 'डेरोको खोजी'ले पहाडबाट विभिन्न उद्देश्यले आएका मान्छेहरूलाई शहरमा बस्न डेरा खोज्दा आइपर्ने झन्झटले धुरुक्क रूवाएको तिक्ततालाई

सन्तोषप्रद ढंगले व्यक्त गरिएको छ। वर्तमान डेरा समस्याको कुनै ठोस समाधानमूलक प्रयास नभएको यथार्थतापट्टि पनि संकेत गरिएको सोझै प्रतीत हुन्छ। त्यस्तै फ्रान्सेली कथा 'दुईजना साथीहरू'ले आजका जोश, द्वेष इर्ष्यामा रुमलिएका मान्छेहरूलाई कर्तव्य तथा उत्सर्गको पाठ सिकाउन खोजेको छ। 'मुख्य कवि'मा पनि प्रत्येक मान्छेमा कवित्व भावना हुन्छ र उसलाई बुझ्नु मात्र पर्छ भन्न खोजेर त्यस कथाको अव्यक्त कवि पात्रको कवित्व खुबीलाई प्रष्टयाउन खोजिएको छ।

कविताको लहरतिर विश्लेषण गर्दा चैं व्यावहारिक जीवनका कठिनाईहरूलाई कवि दामोदर पुडासैनी 'किशोर' ले आफ्ना साना-साना कविताहरूमा धक फुकाएर व्यक्त गरेका छन्। 'हराएका आफन्तहरू'मा कवि विनोद नेपाल 'वैगुनी'ले आफ्ना आफन्त भना-उँदाहरू पतनको मार्गतिर लागेकोमा नमीठो दुःख मनाउ गरेका छन्। त्यस्तै कवि मोहन दुवालले आफ्नो कविता 'चेतना गुलाब होइन'मा आजका दिग्भ्रान्त मान्छेहरूलाई आफ्नो मस्तिष्कमा देशप्रति कर्तव्यको चेतनाको फूल फुलाउन जोडदार आह्वान गरेका छन्। 'माटो' मा कवि मुरारी पराजुलीले माटोमै आफ्नो कर्म फुलाउन आह्वान गरेका छन्। धीरेन्द्र मल्लको गजल पनि राम्रै छ। कवि प्रल्हाद पोखरेलले आफ्नो कविता 'बदमाश'मा आफू आमाको गर्भबाट जन्मदा बदमाश भएर जन्मेकोमा कुनै गुनासो छैन, गुनासो त समाजका विकृति र नचाहिने प्रताडनामा छ भन्न खोजेका छन्।

यसरी आफ्नो निजी स्तरबाट पनि मननयोग्य रचनाहरू पाठकवर्गहरूलाई दिएकोमा दायित्व परिवार धन्यवादको पात्र छ। 'दायित्व'को प्रयास सधैं सफल रहोस्, सधैं उँभो लागोस् यही उत्तरोत्तर प्रगतिको कामना।

१५ फागुन, २०४६ —अनिल 'बेनामी'
काठमाडौं

गीत

—डा० मथुरा के. सी.

स्वीकारी हेर एकलोपना
भित्र कति मर्म छ
सम्हाली हेर विपन्नता
हाम्रो यस्तै कर्म छ।

नियाली हेर आँखा भित्र
विरहको रह छ
खोतली हेर मुटुभित्र
तिम्रो मेरो वह छ।

फर्की हेर अतीतलाई
त्यहाँ मेरो पदचाप छ
नियाली हेर जीवनलाई
त्यहाँ वखतेको अभिशाप छ।

(बन्दर अब्बास, इरान)

मुक्तक

—रोशन शाह

छातिभित्र कता कता
मुटु मेरो चल्दैछ
अचानक भएको बोली चालीले
मुटु मेरो जल्दैछ
आज भोली जिन्दगी नै
भुवा बनी उड्दै छ
रातभरी मेरो निद्रा
वैगुनीले लुट्दैछ।

(रानीबन, बालाजु)

कविता
****

स्वागत छ, नववर्ष तिमीलाई !

–गिरिराज पन्थ

थुप्रै मान्छेका अनगिन्ति आकांक्षा सहित
पाना पल्टिदै गरेको क्यालेण्डर विदा गरेर
नयाँ पात्राहरूमा नयाँ अनुभूति संगालेर
सूर्यको लालिमा संगै आउँदै गरेकी नव वर्ष
आउ, स्वागत छ तिमीलाई !

नव वर्ष ! तिमी विराट छयौ
सर्वत्र तिम्रा रूपहरू पुगेका छन्
तिमी धनी छयौ भनेर मनको
सबैले थुप्रै शुभकार्य सोचेका छन्
प्रतिफलको आशीर्वाद बोकेर आउ
यो शुभमुहूर्तमा स्वागत छ तिमीलाई !

कोठामा झुण्डिएको भित्ते पात्रो संगै
इतिहासको पाना पनि पल्टियो
योहोरसाल निष्ठूर बनेकी तिम्री दिदीको संझनाले
कुन्नि किन हो
मान्छेको मुटु एकपटक फेरि झस्कियो
सहानुभूति छिरोल्दै आउ
पुनर्निर्मित आँगनहरूबाट स्वागत छ तिमीलाई !

रगत सुकेको छैन माटोमा
पृथ्वी कम्पन भएर मर्नेहरूको
अझ ठडिएको छैन घर पनि सबैको
आकस्मिक प्रकोपमा ढल्नेहरूको
मुट्ठभरी समवेदना लिएर आउ
स्वागत छ नववर्ष तिमीलाई !

बाढी पहिरोले चिरेर वस्तिहरू
थुप्रै उर्वर फांटहरू पनि पुरिए
अन्धाधुन्ध काटेर जङ्गलहरू
मान्छेका मानवता पनि लुटिए
प्रकृति संरक्षणार्थ
चेतनाको शंखनाद गरेर आउ
स्वागत छ नववर्ष तिमीलाई !

भत्किएका घरहरू सोह्रोर्न अस्त्र लिएर आउ
नांगिएकालाई वस्त्र लिएर आउ
कसैको लागि दम्पती र सम्पत्ति लिएर आउ
यसपटक दैवीप्रकोपहरू भने
एकान्तमै विदा दिएर आउ
स्वागत छ नववर्ष तिमीलाई !

राष्ट्रियता, कसैले यसको परिभाषा फेर्न खोजेको छ
स्वाधिनता, कसैले ठूलो नक्सा कोर्न खोजेको छ
लुकाऔं दराजभित्र, नेपाली शब्दकोशहरू
जोगाऔं हाम्रो सिमाना वेलैमा झिकेर होसहरू
रोकिदेउ यो पृथकीकरणको प्रक्रिया
तन्त्रमा लगाउनुपर्ने आपनै मंत्र लगाएर
वाक्क लागिसक्यो हामीलाई
कति पो बस्न सकिन्छ र 'दाइजो'को नून खाएर !
हामी हाम्रो अस्तित्व वेच्दैनौं
भगाई देउ किन्न खोज्नेहरूलाई यहाँबाट
सराप लाग्नेछ पशुपतिको
छाप देखियो भने अरू कसैको पञ्जाबाट
समग्रमा,
वोतल नै फेर्नुपर्ने हो वा रक्सी मात्र फेर्ने हो
पियक्कड र भट्टिकी दिदीलाई सोध ।

राजा र देश हाम्रो माटोको पर्याय हो
कसैले यसलाई भने फेर्न नखोज
फेरि पनि, हामी निर्णय मात्र तयार छौं
जे गर्नुपर्छ त्यो तिमी आफै गरेर आउ
तर छिटै आउ ! सतर्क रहेर आउ !!
कतै सवारी दुर्घटना नहोस्
बरू इञ्जिन विस्तारै हाँकेर आउ
स्वागत छ नववर्ष तिमीलाई !

महंगी धेरै माथि पुग्यो सगरमाथा मात गरेर
छट्पटाई रहेछ जनजीवन, नाकाबन्दीको जेलमा परेर
नववर्ष ! अब त पहाडका नून र सुन झिक्नुपर्‍यो
द्रुतगतिको विकास लिएर आउ
भिख मागेर खाँदैनौं हामी
ल्याउनुपर्‍यो अन्यत्रबाट
स्वतन्त्रताको 'निकास' लिएर आउ
स्वागत छ, नववर्ष तिमीलाई !

(बलेटक्सार–८, गुल्मी)

HIMALAYAN TRAVEL & TOURS (Pvt.) Ltd.

Offers Heartly Felicitations
On the Occasion of Happy New Year
2047

Durbar Marg
P.O. Box 324
Kathmandu, Nepal

Tel: 223045 (6 lines) 226011
Cable: HIMATRAVEL
Telex: 2273 HTT NP
Fax: 00977-1-224001

मैनाली कथा पुरस्कारको रकम

वन्दी साहित्यकारहरूलाई !

साहित्यिक पत्रकार संघले प्रत्येक वर्ष मनाउँदै आएको कथा दिवस यस वर्ष चैत्र १६ गते एक भव्य समारोहका बीच राष्ट्रिय नाचघरमा सम्पन्न भयो । सो अवसरमा नेपाली साहित्यमा कथाको शुरुआत गर्ने कथाकार गुरु प्रसाद मैनालीको सम्झनामा स्थापित भएको मैनाली कथा पुरस्कार कथाकार श्री खगेन्द्र संग्रौलालाई प्रदान गरियो ।

समारोहका प्रमुख अतिथि वरिष्ठ कथाकार दौलत विक्रम विष्टको हातबाट प्रदान गरिएको सो पुरस्कारको रकम रु. ५०००।– थियो । सो अवसरमा पुरस्कार विजेता श्री संग्रौलाले वरिष्ठ कथाकारको हातबाट प्राप्त गर्न पाएकोमा आफू सम्मानित भएको कुरा उल्लेख गर्दै सो पुरस्कारको राशी जनआन्दोलनमा बन्दी बनाइएका ४३ जना साहित्यकारलाई दिने निर्णय गर्नुभयो ।

सो कार्यक्रमका प्रमुख वक्ता डा. मोहन हिमाशु थापाले कथाकार संग्रौलाको कथाकारिताको लेखन शैलीमा सामाजिकता, यथार्थता र जनभावना रहेको चर्चा गर्नुभयो । समारोहको सभापतित्व संघका सभापति विश्वविमोहन श्रेष्ठले गर्नु भएको थियो ।

अन्तमा 'पराग' समूहको सौजन्यतामा स्व. गुरु प्रसाद मैनालीद्वारा लेखिएको 'नासो' कथामा आधारित नाटक प्रदर्शन गरिएको थियो ।

कथाकार खगेन्द्र संग्रौलालाई बधाई !

दायित्व बोल्छ !

अनुरोध

प्रिय लेखक तथा पाठकवर्गहरू ! तपाईहरूको न्यानो माया र आस्था पाएर 'दायित्व' आफ्नो गन्तव्यतिर बढिरहेको छ । हामीले नवोदित प्रतिभालाई एकातिर प्रोत्साहित गर्नु परेको छ भने अर्कोतिर स्तरीय रचनाहरूलाई पनि विशेष ध्यान दिनुपरेको छ । अतः यी दुवै कुरामा ध्यान पुऱ्याएर मात्र रचना पठाउन अनुरोध गर्दछौं । साथै लामा रचनाहरू मीठा भएर पनि हाम्रो सीमित बजेटसँग तालमेल खान नसक्ने भएकोले छोटा र मीठा रचनाहरू हाम्रो लागि स्वागत योग्य हुनेछन् ।

ध्यानाकर्षण

साहित्यप्रेमीहरू ! हामीलाई प्राप्त हुने रचनाहरूमा अधिकांश कवितै कविताको थुप्रो लाग्ने गरेकोले उपयुक्त लागेका केही कविताहरू समेत प्रकाशित गर्न सकिएको छैन । अतः विविध विधाको अनुशरण गरी दायित्वमा विविधता थप्नेतिर महाँहरूलाई ध्यानाकर्षण गराउँदछौं ।

जानकारी

हाम्रा सहयोगीमित्र श्री विकास चित्रकार 'अविशेष'ले 'एक फन्को–अनेक ज्ञान' र 'विज्ञान जगत्' स्तम्भमा सयोग पुऱ्याउँदै आउनु भएको छ । त्यसको लागि धन्यवाद ! यसै सन्दर्भमा सो सहयोग गरे वापत पारिश्रमिकको व्यवस्था छ कि छैन भनी सोध्नु भएकोमा त्यसको व्यवस्था अहिले गर्न नसकिएको जानकारी गराउँछौं । जहाँसम्म पत्रिका उपलब्ध गराउने कुरा छ त्यो तपाईलाई पायक पर्ने ठाउँ अर्जुन बुक एण्ड स्टेशनरी (अशोक सिनेमा हल अगाडि) बाट उपलब्ध हुन सक्नेछ ।